## सर्वोच्च अदालत, संयुक्त इजलास
## सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की
## माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ
## फैसला
## ०६८-CR-१२६७

मुद्दाः- <u>भ्रष्टाचार (सुडान मिसनका लागिAPC र सोको स्पेयर्र पार्ट खरिद)</u>।

अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यको प्रतिवेदनले नेपाल सरकार-----------------१ पुनरावेदक वादी

विरुद्ध

कुलविक्रम राणाको नाति, कृष्णविक्रम राणाको छोरा ल.पु.जि. ल.पु.उप.न.पा. वडा नं. १४ शोभाहिटीमा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक **ओमविक्रम राणा**-------------१ प्रत्यर्थी प्रतिवादी

धनरास गुरुङको नाति, हर्कबहादुर गुरुङको छोरा कास्की जिल्ला ल्वाङ घलेल गा.वि.स. वडा नं. ३ स्थायी घर भै हाल काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स.वडा नं.३ हात्तिगौंडा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक **हेमबहादुर गुरुङ्**--------------१

किशनचन्द ठकुरीको नाति, नरबहादुर चन्द ठकुरीको छोरा दार्चुला जिल्ला, लाली गा.वि.स.वडा नं ९ भुल्लालीमा स्थायी घर भै हाल ल.पु.जि.ल.पु. उप.न.पा. वडा नं. १० कुपण्डोल बस्ने नेपाल प्रहरीका तत्कालीन प्रहरी महानिरीक्षक भई हाल प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार **रमेशचन्द ठकुरी**-------------------------------------------१

रणबहादुर केशरको नाति, धर्मध्वजको छोरा धनुषा जिल्ला वेंगडावर गा.वि.स. वडा नं ७ स्थायी घर भै हाल ल.पु.जि.ल.पु.उप.न.पा.वडा नं. १४ थसिखेल बस्ने नेपाल प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक **मदनबहादुर खड्का**-----------------------------------१

भुपेन्द्रजंगको नाति, नरवीरजंगको छोरा कास्की जिल्ला रानीपौवा गा.वि.स. वडा नं. ११ पोखरा स्थायी घर भै हाल काठमाडौं जिल्ला हात्तिगौंडा गा.वि.स. वडा नं. ६ बस्ने नेपाल

प्रहरीका प्रहरी अतिरिक्त महानिरीक्षक **अर्जुनजंग शाही**--------------------------------१
कमानसिंह लिम्बुको नाति, कृष्ण बहादुर थाङ्देनको छोरा तेह्रथुम जिल्ला जलजले गा.वि.स. वडा नं. ५ पौरिन बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक **दीपकसिंह थाङ्देन**----------------------------------------------------------------१
दिल्लीबहादुरको नाति, खड्गबहादुर थापाको छोरा कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. ११ घर भै हाल का.जि. का.म.न.पा. वडा नं. ४ धुम्बाराही बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक **श्यामसिंह थापा**----------------१
उद्धवसिंह विष्टको नाति, शेरबहादुर विष्टको छोरा कन्चनपुर जिल्ला, महेन्द्रनगर नगरपालिका वडा नं १६ स्थायी घर भै हाल काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स वडा नं ६ बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक **दीपेन्द्रबहादुर विष्ट**--------------------------------------------------------------------------१
शेरबहादुरको नाति, श्यामबहादुरको छोरा का.जि.का.म.न.पा.वडा नं १० बस्ने नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक **रमेशविक्रम शाह**--------------------------------१
नगेन्द्रध्वजको नाति, समशेरध्वजको छोरा का.जि. का.म.न.पा. वडा नं. ३४ भिमसेनगोला बस्ने नेपाल प्रहरीका प्रहरी नायव महानिरीक्षक **टपेन्द्रध्वज हमाल**---------------------१
रुद्रनारायणको नाति, गौरीनारायणको छोरा मोरङ्ग जिल्ला, विराटनगर उ.म.न.पा.वडा नं. २ तीनपैनी स्थायी घर भै हाल का.जि. का.म.न.पा. वडा नं १५ बस्ने पूर्व प्रहरी नायव महानिरीक्षक **दीपककुमार श्रेष्ठ**---------------------------------------------------१
मनबहादुरको नाति, तेजबहादुरको छोरा रुपन्देही जिल्ला, आनन्दवन गा.वि.स. वडा नं. ६ स्थायी घर भै हाल ललितपुर जिल्ला सुनाकोठी गा.वि.स. वडा नं. ९ ढोलाहिटी बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव महानिरीक्षक **निरज पुन**----------------------------१
अर्जुन पालको नाति, कर्णबहादुर पालको छोरा जिल्ला दार्चुला, उकु गा.वि.स. वडा नं. ४ बाट कन्चनपुर जिल्ला भिमदत्त नगरपालिका वडा नं. ५ मा स्थायी घर भै हाल का.जि.का.म.पा. वडा नं. ४ धुम्बाराही बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव महानिरीक्षक **सुरेन्द्रबहादुर पाल**----------------------------------------------१
देवप्रतापको नाति, उदयप्रतापको छोरा काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ कपन मार्ग लोसाल बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक **रविप्रताप राणा**-१
वैरागी खड्काको नाति, धारे खड्काको छोरा बझाङ्ग जिल्ला, रिठापाटा गा.वि.स. वडा नं.

६ स्थायी घर भै हाल काठमाडौं जिल्ला बुढानिलकण्ठ गा.वि.स. वडा नं. ४ बस्ने नेपाल प्रहरीका वरिष्ठ उपरीक्षक **श्यामबहादुर खड्का**------------------------------------१

शेरबहादुरको नाति, तिलबहादुरको छोरा काठमाडौं जिल्ला, स्युचाटार गा.वि.स. वडा नं. ५ बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक **शिव लामिछाने**-----------------------१

लालविरको नाति, नन्दमानको छोरा ताप्लेजुङ्ग जिल्ला चाक्सीबोटे गा.वि.स. वडा नं. ३ फाक्से घर भई हाल का.जि.का.म.न.पा.वडा नं. ९ चण्डीमार्ग बत्तिसपुतली बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी वरिष्ठ उपरीक्षक **नरेन्द्रकुमार खालिङ्ग**----------------------------१

पर्तबहादुरको नाति, गणेशबहादुरको छोरा पर्वत जिल्ला, देउराली गा.वि.स. वडा नं ३ लाङ्गदी घर भै हाल नेपाल प्रहरी अस्पताल महाराजगञ्जको क्वाटरमा बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक **डा.अजितकुमार गुरुङ्**----------------------------१

लिलाधरको नाति, केशवदत्तको छोरा डडेलधुरा जिल्ला, बगरकोट गा.वि.स. वडा नं ५ घर भै हाल का.जि.का.म.न.पा. वडा नं ४ धुम्वाराही बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक **रमेशकुमार पाण्डेय**------------------------------------------------------१

बलबहादुरको नाति, बमबहादुर नेउपानेको छोरा ईलाम जिल्ला, ईलाम न.पा. वडा नं.३ बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक **मनोज नेउपाने**---------------------------------१

पदमबहादुरको नाति, ईन्दुबहादुरको छोरा का.जि.का.म.न.पा.वडा नं.४ बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक **निरजबहादुर शाही**-----------------------------------------१

नन्दलालको नाति, सिंहबहादुरको छोरा स्याङजा जिल्ला, छाङछाङदी गा.वि.स. वडा नं. ३ बस्ने नेपाल प्रहरीको प्रहरी उपरीक्षक **गुप्तबहादुर श्रेष्ठ**--------------------------------१

रामलालको नाति, शम्भुलालको छोरा का.जि. का.म.न.पा. वडा नं. १७ ठहिटी बस्ने नेपाल प्रहरीका प्रहरी वरिष्ठ उपरीक्षक **विजयलाल कायस्थ**--------------------------१

कविप्रसादको नाति, देवीप्रसादको छोरा प्यूठान जिल्ला, विजुवार बजार वडा नं. ६ घर भै हाल नेपाल प्रहरी अस्पताल महाराजगंजमा का.मु. प्रहरी उपरीक्षक पदमा कार्यरत **डा. रामकृष्ण राजभण्डारी**-------------------------------------------------------------१

लोकनाथको नाति, शेषरमणको छोरा काभ्रेपलान्चोक जिल्ला खोपासी गा.वि.स. वडा नं. १ घर भै हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ३५ पेप्सीकोला बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक **कृष्णप्रसाद गुरागाई**-----------------------------------१

मेघबहादुर सिंहको छोरा कन्चनपुर जिल्ला, बेलौटी गा.वि.स. वडा नं.७ स्थायी घर भई

हाल ल.पु.जि. ल.पु.उप.न.पा. वडा नं.१३ कुसुन्ती बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक **संजयसिंह बस्नेत**------------------------------------------------------------१

भगीरथको नाति, होमनाथको छोरा जिल्ला ईलाम नामसालिङ्ग गा.वि.स. वडा नं. ५ स्थायी घर भै हाल का.जि. का.म.न.पा. वडा नं. ३२ घट्टेकुलो बस्ने नेपाल प्रहरीका प्रहरी उपरीक्षक **पिताम्बर अधिकारी**------------------------------------------------------१

गोपालबहादुरको नाति, बद्रीप्रसादको छोरा दैलेख जिल्ला, बजार गा.वि.स. वडा नं. २ स्थायी घर भै हाल काठमाडौं जिल्ला मनमैजु गा.वि.स. वडा नं. ९ नेपालटार बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी नायव उपरीक्षक **हरिहर श्रेष्ठ**-----------------------------------१

हरिहर श्रेष्ठको छोरा ललितपुर जिल्ला लुभु गा.वि.स. वडा नं. ३ बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक **विद्याराज श्रेष्ठ**-------------------------------------------१

ईन्द्रबहादुरको छोरा स्याङ्जा जिल्ला, दहथुम गा.वि.स. वडा नं. ८ भारथान स्थायी घर भै का.जि. का.म.न.पा. वडा नं. ४ बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक **प्रकाश अधिकारी**---------------------------------------------------------------------१

केदारनाथको नाति, रघुनाथको छोरा काभ्रेपलाञ्चोक जिल्ला, पनौती नगरपालिका वडा नं. १० घर भै हाल का.जि. का.म.न.पा. वडा नं. ३४ बस्ने नेपाल प्रहरीका प्रहरी निरीक्षक **अर्जुनप्रसाद तिमिल्सिना**--------------------------------------------------------१

सन्तबहादुरको नाति, रत्नबहादुरको छोरा का.जि. का.म.पा. वडा नं. १० बस्ने नेपाल प्रहरीका प्रहरी नायब उपरीक्षक **दिनेश के.सी.**-------------------------------------१

जितमानको नाति, शिवप्रसादको छोरा जिल्ला नवलपरासी डेढगाउँ गा.वि.स. वडा नं. ३ मा बस्ने नेपाल प्रहरीका प्रहरी निरीक्षक **लालगोविन्द श्रेष्ठ**---------------------------१

दुर्गादत्तको नाति, नन्दलालको छोरा जिल्ला पर्वत, भंगरा गा.वि.स. वडा नं. ५ घर भई हाल का.जि. का.म.पा. वडा नं. २ लाजिम्पाट बस्ने नेपाल प्रहरीको प्रहरी निरीक्षक **गिरीधारी शर्मा**-------------------------------------------------------------------१

501International House 223 Regents Streets London W1B2QD स्थित **Assured Risks Limited, London**-------------------------------------------------------------१

501International House 223 Regents Streets London W1B2QD स्थित **Assured Risks Limited, London** का Director **Michael Rider**--------------------------------------१

ऐ.ऐ.का नेपालस्थित स्थानीय प्रतिनिधि जोगी भारतीको नाति, पूदम भारतीको छोरा

डडेल्धुरा जिल्ला रुपाल गा.वि.स. वडा नं. ४ स्थायी घर भै हाल ल.पु.जि. सैंबु गा.वि.स. वडा नं. ८ बस्ने भगवती ट्रेडर्सका प्रो. **शम्भु भारती**-------------------------------१

**०६९-CR-१०७९**

| | |
|---|---|
| कुलविक्रम राणाको नाति, कृष्णविक्रम राणाको छोरा ल.पु.जि. ल.पु.उपन.पा. वडा नं. १४ शोभाहिटीमा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरीमहानिरीक्षक **ओमविक्रम राणा**----१ | **पुनरावेदक** **प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यको प्रतिवेदनले **नेपाल सरकार**------------१ | **प्रत्यर्थी** **वादी** |

**०६९-CR-०६९१**

| | |
|---|---|
| धनरास गुरुङको नाति, हर्कबहादुर गुरुङको छोरा कास्की जिल्ला ल्वाङ घलेल गा.वि.स. वडा नं. ३ स्थायी घर भै हाल काठमाडौं जिल्ला खड्का भद्रकाली गा.वि.स. वडा नं. ३ हात्तिगौंडा बस्ने नेपाल प्रहरीका पूर्व प्रहरी महानिरीक्षक **हेमबहादुर गुरुङ**-------------------------------------------------------१ | **पुनरावेदक** **प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यको प्रतिवेदनले **नेपाल सरकार** -----------१ | **प्रत्यर्थी** **वादी** |

**०६९-CR-१०७६**

| | |
|---|---|
| 501 International House 223 Regents Streets London W1B28D स्थित **Assured Risks Limited, London** को तत्कालिन स्थानीय प्रतिनिधि जोगी भारतीको नाति, पदम भारतीको छोरा डडेल्धुरा जिल्ला रुपाल गा.वि.स. वडा नं. ४ स्थायी घर भैहाल ल.पु.जि.सैंबु गा.वि.स. वडा नं. ८ बस्ने भगवती ट्रेडर्सका प्रो. **शम्भु भारती**--------१ | **पुनरावेदक** **प्रतिवादी** |

**विरुद्ध**

| | |
|---|---|
| अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यको प्रतिवेदनले **नेपाल सरकार**------------१ | **प्रत्यर्थी** **वादी** |

**०६९-CR-०१९०**

| | |
|---|---|
| किशनचन्द ठकुरीको नाति, नरबहादुर चन्द ठकुरीको छोरा दार्चुला जिल्ला, लाती गा.वि.स.वडा नं ९ भुल्लालीमा स्थायी घर भै हाल ल.पु.जि.ल.पु. उप.न.पा. वडा नं. | **पुनरावेदक** **प्रतिवादी** |

१० कुपण्डोल बस्ने नेपाल प्रहरीका तत्कालीन प्रहरी महानिरीक्षक भई हाल प्रधानमन्त्रीका सुरक्षा सल्लाहकार **रमेशचन्द ठकुरी**-----------------------------१

**विरुद्ध**

अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यको प्रतिवेदनले **नेपाल सरकार**-------------१ <u>प्रत्यर्थी</u>

वादी

**विशेष अदालतमा फैसला गर्ने:** अध्यक्ष माननीय न्यायाधीश **श्री गौरीबहादुर कार्की**

सदस्य माननीय न्यायाधीश **श्री ओमप्रकाश मिश्र**

सदस्य माननीय न्यायाधीश **श्री केदारप्रसाद चालिसे**

विशेष अदालत, काठमाडौंको मिति २०६८/११/१ को फैसलाउपर वादी नेपाल सरकार तथा प्रतिवादीहरूको तर्फबाट विशेष अदालत ऐन, २०५९ को दफा १७ बमोजिम यस अदालतमा पुनरावेदनहरू दर्ता भई नियम बमोजिम यस इजलाससमक्ष पेश भएको प्रस्तुत मुद्धाको मिसिल संलग्न कागजातहरूको विस्तृत अध्ययन मनन गरी पुनरावेदक वादीतर्फबाट विद्वान् सरकारी वकीलहरू र पुनरावेदक प्रतिवादीहरूका तर्फबाट विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको तर्कपूर्ण बहस जिकिर समेत सुनियो। आज निर्णय सुनाउन तारिख तोकिएको प्रस्तुत मुद्दामा यस अदालतको ठहरको संक्षिप्त सार यसप्रकार छ:-

प्रस्तुत विवादमा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट रहनुभएका विद्वान् सरकारी वकीलहरू तथा पुनरावेदक प्रतिवादीहरूको तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूको बहस समेतमा उठाइएका जिकीरहरू समेतको सन्दर्भमा **नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) बमोजिम अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सो आयोगलाई भएको अधिकार आयोगको सचिवलाई प्रत्यायोजन गरेको र निज सचिवले अनुसन्धान अधिकृत तोकेको कार्य कानूनसम्मत हो होइन?, प्रहरी कल्याण कोष सार्वजनिक संस्था अन्तर्गत पर्ने हो होइन? प्रहरी प्रधान कार्यालय र Assured Risk Company बीच APC खरीद बिक्री सम्बन्धमा भएको विवादित कार्यमा करार ऐनको प्रक्रिया अवलम्बन गर्नुपर्ने हो होइन? साथै विशेष अदालतबाट भएको फैसला मिले नमिलेको केहो र वादी नेपाल सरकार तथा प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन?** भन्ने समेतका मूलभूत प्रश्नहरूको निरूपण हुनु आवश्यक देखिएको छ।

निर्णयतर्फ विचार गर्दा तत्काल प्रचलित *नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) ले दिएको अधिकार प्रयोग गरी संविधान र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसुरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई आयोगको मिति २०६६।९।२० को निर्णयानुसार सुम्पिएको* भनी मिति २०६६।९।२७ को नेपाल राजपत्रमा सो आयोगको सूचना प्रकाशित भएको देखिन्छ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा (७) मा **अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम कर्तब्य र अधिकारमध्ये कुनै काम, कर्तब्य र अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको सर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ** भन्ने व्यवस्था रहेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोग नेपालको अन्तरिम संविधान, २०६३ मा रहेका विभिन्न संवैधानिक निकायमध्येको एक अङ्ग भएकोमा विवाद छैन। यसको स्थापना गर्नुको मुख्य उद्धेश्य नै सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेमा त्यस सम्बन्धमा अनुसन्धान र तहकिकात गर्ने, त्यस्तो अनुसन्धान र तहकीकातबाट सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले अनुचित कार्य गरेको देखिएमा सचेत गराउने वा विभागीय सजायको लागि अख्तियारवालासमक्ष लेखी पठाउने, अनुसन्धान र तहकीकातबाट त्यस्तो व्यक्तिले भ्रष्टाचारजन्य कसुर गरेको देखिन आएमा सम्बन्धित अदालतमा मुद्दा चलाउने समेतका कार्यका लागि हो भन्ने कुरा अन्तरिम संविधानको धारा १२० को समग्र संरचनाबाट स्पष्ट हुन आउँछ। सो संविधानको धारा ११९ मा सो आयोगको गठन विधि हेर्दा प्रमुख आयुक्त र आवश्यक संख्यामा अन्य आयुक्तहरू रहने देखिन्छ। यसरी गठन हुने आयोगको तर्फबाट हुने काम कारवाही र निर्णयहरू उपलब्ध सबै पदाधिकारीहरूबाट सामुहिक रूपमा सम्पादन हुने कुरा सामान्य नियमको कुरा हो। तर आयोगका तर्फबाट गर्नुपर्ने अनुसन्धान लगायतका सबै कार्यहरू आयोगका सबै पदाधिकारीले सामुहिक रूपमा गर्न व्यावहारिक रूपमा वा कार्यबोझका आधारमा समेत सम्भव नभएमा वा सबै पदाधिकारीको उपस्थिति हुन नसकेको अवस्थामा आयोगका तर्फबाट गर्नुपर्ने कामकारवाही सुचारु रूपमा सञ्चालन गर्न आयोगलाई संविधानद्वारा प्राप्त अधिकार र काम, कर्तव्य आयोगको कुनै पदाधकारी वा नेपाल सरकारको कुनै

कर्मचारीमार्फत् गर्न गराउन पाउने गरी धारा १२० को उपधारा (७) ले आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्ने अधिकारसमेत दिएको देखिन्छ।

पुनरावेदक प्रतिवादीहरू तर्फका विद्वान् कानून व्यवसायीहरूले आयोगको सचिवलाई सो आयोगको अधिकार प्रत्यायोजन गरेको कार्य नै गैरकानूनी रहेको भनी जुन तर्क पेश गर्नु भएको छ, सो बारेमा हेर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अधिकार र काम कर्तव्यमध्ये कुनै अधिकार र काम, कर्तव्य आफ्नो कुनै पदाधिकारी वा नेपाल सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न पाउने संवैधानिक व्यवस्था र सो आयोगको काम, कर्तव्य र अधिकारको प्रकृतिबाट हेरिनु आवश्यक देखिन्छ। संविधानले नै आयोगको अधिकार र काम, कर्तव्य प्रत्यायोजन हुन सक्ने भनी किटान गरेको कुरालाई अन्यथा अर्थ गरी आयोगको सचिवलाई अधिकार प्रत्यायोजन गर्न नमिल्ने भन्ने हुँदैन। साथै आयोगको अधिकार र काम, कर्तव्यको प्रकृति हेर्दा पनि सो आयोगले गर्ने अनुसन्धान र तहकीकातको कार्य तथा सचेत गराउने वा विभागीय कारवाहीको लागि लेखिपठाउने वा मुद्दा चलाउने कार्य विशुद्ध न्यायिक कार्य होइन। संविधानमा व्यवस्थित आयोगको काम, कर्तव्य र अधिकार निःसन्देह रूपमा कार्यकारी प्रकृतिको हो। सिद्धान्ततः विशुद्ध न्यायिक कार्य गर्ने कुनै कुनै न्यायिक निकायको न्यायिक अधिकार मात्र अन्य निकाय वा पदाधिकारीमा प्रत्यायोजन हुन नसक्ने हुन्छ। तर विशुद्ध न्यायिक कार्य बाहेकको कार्यकारी वा प्रशासनिक प्रकृतिको अधिकार र काम, कर्तव्यको प्रत्यायोजन हुन सक्तछ। अतः अख्तियार दुरुपयोग अनुसन्धान आयोग न्यायिक निकाय नभई राज्यको कार्यकारी प्रकृतिको अधिकार प्रयोग गर्ने निकाय भएकोले सो आयोगले आफ्नो कुनै अधिकार वा काम, कर्तव्य आफ्नो मातहतको कुनै पदाधिकारी वा नेपाल सरकारको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न नपाउने भन्ने हुँदैन।

अब यस विवादमा सो आयोगको सचिवलाई कुन परिस्थितिमा आयोगको अधिकार प्रत्यायोजन गरिएको रहेछ भन्ने सम्बन्धमा पनि हेरिनु आवश्यक भएको छ। उक्त आयोगका पदाधिकारीहरू सबैको कार्यकाल समाप्त हुनुभन्दा तत्काल अगाडि आयोगले संविधान र कानून बमोजिम गरिआएका र गर्नुपर्ने काम कारवाहीहरू सुचारू रूपमा सञ्चालन गरी रिक्तताको स्थिति आउन नदिन २०६६।९।२० मा आयोगका सदस्यहरू ललितबहादुर लिम्बु र वेदप्रसाद शिवाकोटीको एकमत निर्णयबाट अन्तरिम संविधानको धारा ११९ बमोजिम आयोगका सचिवलाई अधिकार प्रत्यायोजन गरेको देखिन्छ। त्यसैले सो निर्णय निज दुबै जना सदस्यहरूले आफू बहाल छँदैको अवस्थामा गरेको कुरामा विवाद छैन। यसरी आयोगमा तत्काल बहाल रहेसम्मका

सदस्यहरूले आफू बहाल छँदै गरेको सो निर्णयलाई आयोगको निर्णय मान्नुपर्ने हुन्छ। सो निर्णयबाट कुनै व्यक्ति विशेषका नाममा आयोगको अधिकार प्रत्यायोजन गरिएको नभई आयोगको सचिवको नाममा गरिएको देखिन्छ। त्यसैले सचिवको पदमा को व्यक्ति रहेको छ भन्ने कुरालाई निर्णयले इङ्गित गरेको नभई सचिवको पदलाई मात्र अधिकार प्रत्यायोजन गरेको देखिन्छ। सो निर्णयमा नै संविधानको धारा ११९ बमोजिम पदाधिकारी नियुक्त भई नआएसम्मका लागि भनी अवधि समेत निश्चित गरिएको देखिन्छ। त्यसैले सो अधिकारको प्रत्यायोजनको निर्णय आयोगका पदाधिकारीहरूको विस्थापन गर्ने किसिमको वा असीमित अवधिको लागि भन्ने पनि देखिँदैन।

संविधानमा संवैधानिक निकायको रूपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको व्यवस्था रहनुको पनि खास उद्धेश्य हुन्छ। त्यस्तो महत्त्वपूर्ण निकायमा कुनै कालखण्डमा कुनै कारणवश समयमा नै पदाधिकारी नियुक्त हुन नसकेमा वा नियुक्त भएका सबै पदाधिकारीको कार्यकाल समाप्त भई नयाँ पदाधिकारी कसैको पनि नियुक्ति हुन नसकेमा सो निकायका सबै कामकारवाहीहरू अवरूद्ध अवस्थामा राख्नु पर्ने वा शून्यको स्थितिमा राख्नुपर्ने भन्ने तर्क जायज हुन सक्तैन। संविधान र कानूनी व्यवस्थाको व्याख्या गर्दा जहिले पनि समस्याको समाधान निस्कने गरी र रिक्तताको परिपूर्ति हुने गरी गरिनु आवश्यक हुन्छ। आयोगमा बहाल रहेका पदाधिकारीहरूको पदावधि समाप्त हुन लागेको र विविध कारणबाट नयाँ पदाधिकारीहरूको तत्काल नियुक्ति हुन सक्ने अवस्था पनि नभएको स्थितिमा सो आयोगको दैनिक कामकारवाही र निर्णयमा प्रतिकूल असर नपरोस् भनी आयोगको उपस्थिति र अस्तित्त्व यथावत् रूपमा कायम राख्न समेत आयोगले निरन्तर रूपमा काम कारवाही गर्नु आवश्यक थियो। तदनुरूप आयोगको कामकारवाही निरन्तर रूपमा सञ्चालन गर्ने अभिप्रायबाट तत्काल पदमा बहाल रहेका पदाधिकारीहरूले आफू बहाल छँदै गरेको अधिकार प्रत्यायोजन सम्बन्धी निर्णयलाई संवैधानिक व्यवस्था र त्यसको बृहत उद्धेश्यको रोहबाट हेर्दा समेत अन्यथा भन्न मिल्ने देखिएन। अतः आयोगले २०६६।९।२० मा आयोगका सचिवलाई सुम्पेको अधिकारलाई असंवैधानिक र गैरकानूनी भन्न मिलेन।

आयोगबाट सचिवलाई प्रत्यायोजित अधिकार पुनः अन्य कर्मचारीमा प्रत्यायोजन हुन सक्छ सक्दैन प्रश्नको सम्बन्धमा पनि यस अदालतले विचार गर्नुपर्ने भएको छ। आयोगका सचिवले सोही आयोगमा कार्यरत सहन्यायाधिवक्ता डिल्लीरमण आचार्यलाई अनुसन्धान अधिकृत तोकेको हुँदा निजले अनुसन्धान तहकिकात सकेर मुद्दा लगाउन पाउन मिल्ने होइन, प्रत्यायोजित अधिकार पुनः प्रत्यायोजन गरी पाएको अधिकारबाट अनुसन्धान अधिकृत डिल्लीरमण आचार्यले दायर गरेको

मुद्दा खारेज हुनुपदर्छ भन्ने समेत पुनरावेदक प्रतिवादी तर्फबाट रहनु भएका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर भएकोमा त्यसतर्फ हेर्दा प्रस्तुत मुद्दाको विवादको विषयमा आयोगले तत्कालीन व्यवस्थापिका संसद्को राज्य व्यवस्था समितिको विस्तृत स्थलगत अध्ययन प्रतिवेदन तथा अन्य माध्यमबाट प्राप्त सूचना र जाहेरीपछि तत्कालीन अवस्थामा आयोगका पदाधिकारी बहाल रहेकै अवस्थामा अनुसन्धान तहकिकात सुरु गरेको देखिन आएको छ। सो तथ्यलाई प्रतिवादीहरूका तर्फबाट रहनु हुने विद्वान् कानून व्यवसायीहरूले अन्यथा भन्न सक्ने अवस्था छैन। यस विवादको विषयमा अनुसन्धान तहकिकात गर्न र अभियोग दायर गर्न समेत तत्कालीन आयोगले नै अनुसन्धान तहकिकात गर्न सुम्पेका अनुसन्धान अधिकृत सहन्यायाधिवक्ता राजेन्द्र सुवेदीलाई महान्यायाधिवक्ताको कार्यालयले अन्यत्र सरुवा गरेको भन्ने मिसिल संलग्न कागजबाट देखिएको छ। तत्पश्चात् सोही कार्यालयबाट नै आयोगमा काजमा सरूवा भई आएका सहन्यायाधिवक्ता डिल्लीरमण आचार्यलाई यस सम्बन्धमा बाँकी अनुसन्धान तहकिकात गर्न सचिवले आयोगको तर्फबाट निर्णय गरी अनुसन्धान अधिकृतको रूपमा तोकेको कुरा आयोगको पत्रबाट देखिन्छ। निज अनुसन्धान अधिकृतले अनुसन्धानको बाँकी कार्य सम्पन्न गरी आयोगसमक्ष प्रतिवेदन पेश गरेपछि मिति ०६८।२।२२ मा आयोगको सचिवको अध्यक्षतामा बसेको बैठकको निर्णयबाट प्रस्तुत अभियोगपत्र दायर भएको देखिन्छ।

नेपालको अन्तरिम संविधानको धारा ११९ बमोजिम आयोगमा नयाँ पदाधिकारीहरू नियुक्त भई नआएको र तत्काल त्यसरी नियुक्ति हुनेगरी संवैधानिक आयोगबाट सिफारिश समेत भइनसकेको स्थितिमा आयोगमा तत्काल बहाल रहेका पदाधिकारीहरूले आफू बहाल छँदै आयोगको काम, कर्तव्य र अधिकार सचिवले प्रयोग गर्ने गरी एकमत निर्णय गरी प्रत्यायोजन गरेको अवस्थामा आयोगले सम्पादन गर्नुपर्ने सबै कामकारवाही आयोगको सचिव एक्लैले मात्र गर्न सम्भव समेत देखिँदैन। साथै निज सचिवले आयोगको तर्फबाट आफूलाई प्राप्त अधिकार र काम, कर्तव्य मातहतका अधिकृतलाई प्रत्यायोजन नगर्ने हो भने निजलाई आयोगको तर्फबाट भएको अधिकारको प्रत्यायोजन क्रियाशील हुन नसकी स्वतः प्रयोजनहीन अवस्थामा पुग्न जाने हुन्छ। सो अवस्थाको कल्पना अधिकार प्रत्यायोजन सम्बन्धी सिद्धान्त समेतबाट जायज हुन सक्तैन। तसर्थ यस विवादको विषयमा आयोगबाट पहिले नै अनुसन्धान अधिकृत तोकिई अनुसन्धान र तहकीकात प्रारम्भ भएको देखिएको साथै पहिले नै प्रारम्भ भइसकेको सो अनुसन्धानको कार्यलाई निरन्तरता दिने गरी मात्र पहिले अनुसन्धान अधिकृत सरुवा भएको स्थानमा हाजिर हुन

आएका अर्को अधिकृतलाई सचिवबाट बाँकी अनुसन्धानको जिम्मेवारी तोकेको देखिएको हुँदा सो कामकारवाही समेत अन्यथा वा कानून प्रतिकूल भन्ने देखिएन।

अब **प्रहरी कल्याण कोष गैरसरकारी संस्था हो वा सार्वजनिक संस्था हो** भन्ने सम्वन्धमा विचार गर्दा प्रहरी कल्याण कोष संस्था दर्ता ऐन, २०३४ बमोजिम मिति २०५२।४।१८ मा दर्ता भएको देखिन्छ। संस्था दर्ता ऐन अन्तर्गत दर्ता भएको गैरसरकारी संस्थाको कामकारवाहीका सम्बन्धमा भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम अदालतमा मुद्दा चलाउन मिल्ने नमिल्ने भन्ने प्रश्नको निरूपण गर्दा यस अदालतले त्यस्तो संस्थाको प्रकृति र उद्धेश्य, त्यसको सञ्चालनमा संलग्न रहेका व्यक्तिको सार्वजनिक वा पदीय हैसियत, त्यसले गर्ने काम कारवाहीको क्षेत्र र प्रकृति, त्यस्तो संस्थाको कोषमा नेपाल राज्यको आर्थिक वा अन्य लगानी तथा सार्वजनिक र राष्ट्रिय जीवनमा त्यस्तो संस्थाको कार्यबाट परेको असर तथा सो संस्थाको कामकारवाहीबाट राज्य कोषमा पुग्ने व्ययभार वा प्रतिकूल असर समेतका विविध पक्षललाई मनन गरी एउटा निष्कर्षमा पुग्नु वाञ्छनीय देखिन्छ।

प्रहरी कल्याण कोषको पदाधिकारीमा वहालवाला प्रहरी महानिरीक्षक लगायतका बहालवाला प्रहरीहरू रहने भनी सो संस्थाको विधानमा व्यवस्था रहेको देखिन्छ। सो कोषको कार्य सञ्चालनको लागि प्रहरी महानिरीक्षकको अध्यक्षतामा साधारणसभा बस्ने (विधानको धारा १२), प्रहरी महानिरीक्षकको अध्यक्षतामा केन्द्रीय समिति रहने (धारा ६) र प्रधान कार्यालय प्रशासन विभागको प्रहरी अतिरिक्त महानिरीक्षक र सो नभएमा प्रहरी नायव महानिरीक्षकको अध्यक्षतामा रहने ३ सदस्यीय सञ्चालक समिति (धारा ९) समेतको व्यवस्था रहेको देखिन्छ। यसबाट सो कोषको पूर्ण नियन्त्रण र सञ्चालनमा बहालवाला प्रहरी महानिरीक्षक लगायतका उच्च तहका प्रहरी अधिकृतहरू निर्णायक रहेको कुरामा विवाद भएन।

यसरी प्रहरी कल्याण कोषको सञ्चालन नेपाल प्रहरीका बहालवाला जिम्मेवार पदाधिकारीहरूको सञ्चालक समितिबाट हुँदै आएको र त्यसको कार्यकारी समितिमा समेत बहालवाला प्रहरीका विभिन्न तहका पदाधिकारीहरू संलग्न रहेको, सो कोषको नगदी कोषमा नेपाल सरकारबाट तलब सुविधा प्राप्त गर्ने विभिन्न तहका प्रहरी कर्मचारीको तलब र सुविधा रकम समेतबाट कट्टा भएको रकम जम्मा हुने गरेको र सम्पूर्ण प्रहरी कर्मचारीको हितको लागि सो रकम खर्च हुने गरेको भन्ने उक्त कोषको विधान समेतबाट देखिन्छ। यसबाट सो कोष व्यक्तिगत हैसियतमा नभई नेपाल प्रहरीका बहालवाला पदाधिकारीहरूको पदीय हैसियतमा सञ्चालन भएको भन्ने देखियो।

अर्कोतर्फ सो कोषमा नेपाल सरकारबाट प्रहरी संगठनलाई उपलब्ध गराइएको चल अचल सम्पत्तिबाट प्राप्त हुने रकम समेत रहने कुरा पनि विधानबाटै देखिएको छ। सो रकम नेपाल प्रहरीले गर्ने काममा समेत खर्च गरिने र त्यसको सोधभर्ना नेपाल सरकारले दिने गरेको भन्ने समेत विधानको संरचना र मिसिल संलग्न कागजातहरू समेतबाट देखिन्छ। यसबाट सो कोष विशुद्ध रूपको गैरसरकारी संस्था वा निस्वार्थ समाजसेवा गर्ने वा मुनाफारहित संस्था जस्तो पनि देखिँदैन।

यसका अतिरिक्त सुडानमा संयुक्त राष्ट्र संघको लागि नेपालबाट FPU प्रहरी टोली पठाउने सम्बन्धमा नेपाल सरकारबाट मिति २०६४।३।७ मा निर्णय भएअनुसार नेपाल प्रहरीलाई प्रहरीकोटुकडी पठाउन र यस कोषबाट बन्दोबस्तीको सामान खरीद गरी पठाउन भनी प्रहरी प्रधान कार्यालयलाई गृह मन्त्रालयले आदेश दिएको समेत देखिन्छ। यसरी प्रहरी कर्मचारीहरूको तलब सुविधाको रकम तथा नेपाल सरकारबाट प्राप्त हुने रकमबाट सिञ्चित हुने कोषको रकम लगानी गरी डार्फर मिसनको लागि APC खरीद गर्ने, त्यसरी खरीद भएका सामानहरूको मूल्य वापतको रकम संयुक्त राष्ट्र संघबाट सोधभर्ना गरिने र त्यसवापत नेपाल सरकारले जमानीको रूपमा काम गर्ने गरी प्रहरी प्रधान कार्यालय र सामान आपूर्तिकर्ता कम्पनिबीच करार संझौता भएको कुरामा कुनै विवाद छैन।

गृह मन्त्रालयको सुडानमा FPU पठाउने निर्णय र निर्देशन बमोजिम प्रहरी महानिरीक्षकले लजिष्टिक सामान खरिद गर्नको लागि उच्च पदस्थ प्रहरी अधिकृतहरू सम्मिलित समिति गठन गरेको कुरा पनि मिसिलबाट देखिएको छ। साथै नेपाल सरकारको मिति २०६४।३।७ को आदेश बमोजिम प्रहरी कल्याण कोषबाट रकम खर्च गर्ने गरी प्रहरी प्रधान कार्यालयले ठेक्काको लागि दरभाउपत्र पेश गर्न सूचना निकालेको र ठेक्का दिने काम पनि प्रहरी प्रधान कार्यालयले नै गरेको देखिएको छ। त्यसरी सामान खरीद गर्दा लाग्ने रकमको लगानीसम्म नेपाल सरकारको आदेशमा कोषबाट बेहोरेको स्पष्ट देखिन्छ।

यसरी प्रहरी प्रधान कार्यालय र ठेकेदार कम्पनिबीच एपीसी लगायत बन्दोवस्तीका सामान आपूर्ति गराउने सम्बन्धमा मिति २७ सेप्टेम्बर २००७ (२०६४।६।१०) मा करार सम्झौता भएपछि कोषले सामान आपूर्तिको लागि कोटेशन मागेको, कोटेशन खोलेको, कोटेशन स्वीकृत गरेको र ठेक्का दिएको नभई प्रहरी प्रधान कार्यालयले नै सो सबै कार्य गरेको देखिन्छ। आफूले करार सम्झौता नै नगरेको ठेकेदार कम्पनिसँग प्रहरी कल्याण कोषले करार बमोजिमको सामान आपूर्ति सम्बन्धी कुनै विवादमा दावी गर्न पाउने अवस्था नै हुँदैन। सम्झौता बमोजिमको रकम

भुक्तानी गर्न प्रहरी प्रधान कार्यालयको लिखित आदेश भएपछि नै कोषको ढुकुटी वा खाताबाट व्यहोरेको मात्र देखिन्छ। यी तमाम तथ्यहरूको अवलोकनबाट APC सम्बन्धी सम्झौता बमोजिम खरिदकर्ता नेपाल प्रहरीको प्रधान कार्यालयले प्रहरी कल्याण कोषलाई रकमको स्रोतको रूपमा सम्म उपयोग गरेको भन्ने देखिन आयो।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०५९ को दफा २(ङ), भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २(ग) र सार्वजनिक खरिद ऐन, २०६३ को दफा २(ख) ले सार्वजनिक संस्था र निकायको परिभाषा गरे अनुसार **नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व, नियन्त्रण र पूर्ण अनुदान नभएतापनि नेपाल सरकार वा नेपाल सरकारबाट अनुदान पाएका संस्था वा सो संस्थाको पूर्ण वा आंशिक स्वामित्व भएको वा नियन्त्रण रहेको वा त्यस्तो संस्थाबाट अनुदान प्राप्त संस्थालाई पनि सार्वजनिक संस्था**को परिभाषा अन्तर्गत राखेको देखिँदा प्रहरी कल्याण कोष पनि नेपाल सरकार अन्तर्गतको प्रहरी प्रधान कार्यालयको सिधै नियन्त्रणमा रहने, प्रहरी महानिरीक्षक लगायत सबै उच्च प्रहरी अधिकारी त्यसको सञ्चालक र नियामकको रूपमा संलग्न रहने र नेपाल सरकारसँगको MOU अनुसार संयुक्त राष्ट्र संघबाट प्राप्त हुने APC वापतको सोधभर्ना रकम यो कोषमा जम्मा हुने भएकाले संस्था दर्ता ऐन अन्तर्गत दर्ता भए तापनि यो संस्थाको संरचना, प्रकृति र कार्य प्रकृतिका साथै उपर्युक्त कानूनी व्यवस्थाको रोहबाट समेत यो कोषलाई सार्वजनिक संस्था नै मान्नुपर्ने देखिन्छ।

यसरी प्रहरी कल्याण कोषले नेपाल सरकारको **Instrument** को रूपमा रही रकम लगानी गरेको र सो रकमको अन्तिम जिम्मेवारी नेपाल सरकारको हुने भई कोषको रकम सही रूपमा लगानी नभएमा वा दुरुपयोग भएमा नेपाल सरकारलाई प्रत्यक्ष हानी नोक्सानी हुने भन्ने कुरा स्वतः प्रष्ट हुन आयो। अतः नेपाल सरकारको एउटा **Instrument** को रूपमा रही काम गर्ने प्रहरी कल्याण कोषलाई विशुद्ध रूपको सामाजिक वा गैरसरकारी संस्थाको आवरण दिई त्यसबाट हुने सबै कार्यलाई भ्रष्टाचार निवारण ऐनको दायरभन्दा बाहिर राख्नुपर्छ भन्ने पुनरावेदक प्रतिवादीहरूका तर्फबाट रहनुभएका विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको जिकिर ग्राह्य देखिएन।

अब यस विवादमा करार ऐनको व्यवस्था अवलम्वन गरिनु पर्ने हो, होइन भन्नेअर्को महत्त्वपूर्ण प्रश्नको सम्वन्धमा विचार गर्दा करारको पक्षको कानूनी र सार्वजनिक हैसियत तथा सो करारको पालना नभएको कारणबाट सार्वजनिक सम्पत्ति वा नेपाल सरकारलाई कुनै हानी नोक्सानी भए नभएको कुराको आधारमा करार ऐन अन्तर्गत रही उपचार खोजिन पर्ने हो वा नपर्ने

भन्ने सम्बन्धमा हेरिनुपर्ने देखिन्छ। यस विवादमा APC खरीदकर्ताको रूपमा नेपाल सरकारको निर्णयबाट नेपाल प्रहरीको प्रधान कार्यालय एक पक्ष र सो सामान आपूर्तिकर्ताको रूपमा दोस्रो पक्ष Risk Assured Company, London रहेको देखिन्छ। सो करार बमोजिम सामान आपूर्ति भए वापतको रकमको अन्तिम जिम्मेवारी नेपाल सरकारमा निहित रहने कुरा माथिको विवेचनाबाट स्पष्ट भइसकेको छ। यसबाट करारको पहिलो पक्ष यथार्थमा नेपाल सरकार नै रहेको भन्नेमा कुनै विवाद देखिँदैन। नेपाल सरकारको जमानीमा करार गर्ने प्रहरी प्रधान कार्यालयका जिम्मेवार पदाधिकारीबाट करारमा उल्लिखित शर्त बमोजिमको सामान आपूर्ति नभएपछि नेपाल सरकार र संयुक्त राष्ट्र संघबीच भएको समझदारीपत्र (MOU) बमोजिम संयुक्त राष्ट्र संघले पनि त्यसको सोधभर्ना नगर्ने र सामान आपूर्तिकर्ता कम्पनिका विरुद्ध जिम्मेवार पदाधिकारीले करारको अवधि कायम रहेकै अवस्थामा दावी पनि गर्न नसकेको अवस्थामा गलत सामान आपूर्तिबाट हुन गएको हानी नोक्सानीको दायित्त्व अन्ततः नेपाल सरकारले बेहोर्नु पर्ने स्थिति देखा परेको छ। यस अवस्थामा करार ऐन अन्तर्गत सो हानीनोक्सानी परिपुरण हुने सम्भावना नै देखिँदैन। यसरी करार ऐन अन्तर्गत समयमा नै सामान आपूर्तिकर्ता कम्पनीसमक्ष प्रहरी प्रधान कार्यालयका जिम्मेवार पदाधिकारीकारीले दावी गर्न नसक्ने र त्यसको परिणाम स्वरूप नेपाल सरकारलाई हानी नोक्सानी हुने स्थिति कायमै राख्ने भन्ने हुँदैन।

अर्कोतर्फ कुनै पनि करारमा उत्पन्न विवादको विषयमा करार कानून अन्तर्गत उपचार खोज्ने वा प्रचलित अन्य कानून अन्तर्गत उपचार खोज्ने भन्ने कुरा करारको विषयवस्तु, करार गर्ने पक्ष, करारको लाभग्राही पक्षको हैसियत समेतका विषयमा ध्यान दिनुपर्ने हुन्छ। यस विवादमा प्रहरी प्रधान कार्यालय र Assured Risk Company, London बीच भएको APC खरिद सम्बन्धी करारको विषयवस्तु नै नेपाल सरकार मातहतको प्रहरीको लागि सुडान मिसनमा प्रयोग गर्नुपर्ने हतियारबन्द सवारीसाधन लगायत बन्दोवस्तीका सामानसँग सम्बन्धित अर्थात् विशुद्ध सुरक्षाको विषयसँग सम्बन्धित देखिन्छ। त्यस्तो सुरक्षा र हातहतियारको खरिद र आपूर्तिसँग सम्बन्धित विषय कुनै व्यक्ति विशेषकाबीच हुने विशुद्ध करार नभई नेपाल सरकारको स्वार्थ र हित गाँसिएको विषय हो। यस्तो राज्यको हकहितसँग सम्बन्धित करारलाई करार कानूनको दायराभन्दा बाहिर ल्याउन नमिल्ने भनी व्याख्या गर्ने हो भने राज्यको हित पराजित हुन गई अन्ततः नेपाल सरकारलाई अपुरणीय क्षति हुने देखिन्छ। त्यसैले यस्तो नेपाल राज्यको हक हितसँग सम्बन्धित विषयवस्तुलाई करार ऐन अन्तर्गत मात्र उपचार खोज्नुपर्छ भन्न सर्वथा उचित देखिँदैन।

अर्कोतर्फ प्रहरी कल्याण कोषको रकम लगानी गरी नेपाल सरकार अन्तर्गतको प्रहरी प्रधान कार्यालयले गलत र अनुचित तवरबाट गरेको खरीद सम्झौताको आधारमा नेपाल सरकार, प्रहरी प्रधान कार्यालयलाई हानी नोक्सानी हुने र ठेकेदारलाई फाइदा हुने स्थिति भयो भने सो कार्यमा संलग्न राष्ट्र सेवक वा व्यक्तिउपर भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ को देहाय (ङ) मा भएको विशेष व्यवस्था अनुसार कारवाही चलाउन बाधा पर्ने पनि देखिँदैन। तसर्थ प्रस्तुत विवादमा करार ऐन अन्तर्गत उपचार खोज्नु पर्नेमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत मुद्दा दायर गरेको मिलेको छैन भन्ने पुनरावेदक प्रतिवादीतर्फका विद्वान् कानून व्यवसायीहरूको तर्कसँग समेत यो इजलास सहमत हुन सकेन। अतः प्रस्तुत विवादको तथ्यभित्र प्रवेश गरी निर्णय गरेको विशेष अदालत काठमाडौंको फैसलालाई अन्यथा भन्नु पर्ने अवस्था देखिएन।

अब यस विवादको मूल तथ्यभित्र प्रवेश गरी विचार गर्दा प्रस्तुत विवादको विषय नेपाल सरकार, गृह मन्त्रालय मातहतको नेपाल प्रहरीको एक टुकडी संयुक्त राष्ट्र संघको अनुरोधमा द्वन्द्वग्रस्त मुलुक सुडानमा शान्ति मिसनका लागि खटिन लगेकोमा सो टुकडीका लागि आवश्यक पर्ने हातहतियार जडित Armored Personnel Carrier (APC) तथा त्यसको Spare parts लगायतका बन्दोबस्तीका सामान खरीदसँग सम्बन्धित देखिन्छ। यथार्थमा नेपाल सरकारले संयुक्त राष्ट्र संघसँग सो शान्ति मिशनलाई चाहिने बन्दोबस्तीका सामानका सम्बन्धमा समझदारीपत्रमा सहीछाप गर्दा कै अवस्थामा आफ्नो देशको प्रतिनधित्त्व गरी सुडानमा खटिई जाने प्रहरीको लागि आवश्यक सम्पूर्ण बन्दोबस्तीका सामान नेपाल सरकार आफैंले खरीद गरी पठाउनु पर्ने वा सो गर्न नसकेमा अर्को पक्ष संयुक्त राष्ट्र संघबाट नै त्यस्ता सामग्रीहरूको आपूर्ति गर्ने व्यवस्था गर्नु नेपाल सरकारको प्रथम दायित्त्वको विषय देखिन्छ। तर नेपाल सरकारले ती सामग्रीहरू नेपाल प्रहरीको प्रधान कार्यालयले नै खरीद गर्ने र सोको सोधभर्ना संयुक्त राष्ट्र संघबाट लिने, तत्कालको लागि सामान खरीद गर्दा आवश्यक रकम प्रहरीको कल्याण कोषबाट खर्च गर्ने र सो खर्चको अन्तिम जिम्मेवारी नेपाल सरकारको हुने गरी निर्णयहरू भई विवादित APC खरीद सम्बन्धी कामकारवाहीहरू भएको देखिन आएको छ। नेपाल प्रहरीबाट ती सामग्रीहरू खरीद गर्ने निर्णय भएपछि पत्रपत्रिकाहरूमा सो खरीद प्रकरणमा आर्थिक हिनामिना भई नेपाल सरकारलाई हानी नोक्सानी भएको, आपूर्तिकर्ता कम्पनिबाट पठाइएका APC संझौता विपरीतका र काम नलाग्ने तथा पुरानो भएको कारणबाट संयुक्त राष्ट्र संघ समेतले सो APC लाई मापदण्ड विपरीतको भनी सुडान मिसनको लागि प्रयोगमा आउन नसक्ने भनी अस्वीकार गरेको समेत कारणबाट नेपाल सरकारले त्यसको मूल्यवापतको रकम सोधभर्ना लिन नसकेको लगायतका समाचारहरू प्रकाशित भएको

देखिन्छ। त्यसरी यस प्रकरणको बारेमा समाचार प्रकाशित भएपछि पनि नेपाल सरकार र नियामक निकायको रूपमा रहेको गृह मन्त्रालयका जिम्मेवार पदाधिकारीहरूले यस सम्बन्धमा कुनै चासो वा सरोकार राखेको वा छानबीनको आवश्यकता महशुस गरी उचित कदम चालेको देखिँदैन। बरू सार्वभौम संसदको राज्य व्यवस्था समितिले छानबीन समिति नै गठन गरी सो समितिका पदाधिकारीहरू APC रहेको स्थान सुडानमा गई स्थलगत अवलोकन र छानबीन गरी यथार्थ बेहोराको प्रतिवेदन दिएको देखिएको छ। यसरी सार्वभौम संसदको राज्य व्यवस्था समितिबाट छानबीन भई प्रतिवेदन प्राप्त भएपछि पनि यस सम्बन्धमा नेपाल सरकार तथा गृह मन्त्रालयले रकम भुक्तानी रोक्ने लगायतको कार्यका लागि आपूर्तिकर्ता कम्पनि तथा नेपाल प्रहरीका सम्बद्ध पदाधिकारीलाई सजग गराएको वा कानून बमोजिमको कारवाही गर्नेतर्फ कुनै चासो दिएको देखिँदैन। नेपाल सरकारका सम्बद्ध निकाय र पदाधिकारीहरूको यस प्रकारको उदासीनता वा वेवास्तालाई यस इजलासले विशेष न्यायिक स्मरणमा लिनुपर्ने देखेको छ।

नेपाल राज्यको प्रतिष्ठा र इज्जत गाँसिएको संयुक्त राष्ट्र संघको मिसनमा खटिई जाने प्रहरीको जीउज्यान तथा नेपाल राष्ट्र कै अन्तर्राष्ट्रिय छविमा प्रत्यक्ष असर गर्ने यस्तो संवेदनशील विषयसँग सम्बन्धित प्रस्तुत विवादमा सन्निहीत APC खरीद प्रकरणमा आर्थिक अनियमितता वा नेपाल सरकारलाई हानी नोक्सानी भए नभएको के रहेछ र सो प्रक्रियामा को कसको संलग्नता रहेछ भन्नेतर्फ हेरी विशेष अदालतको फैसलाको अन्तर्यतर्फ विचार गरिनु आवश्यक भएको छ। सो सम्बन्धमा हेर्दा प्रहरी प्रधान कार्यालय र Assured Risk Company बीच भएको मिति २७ सेप्टेम्बर २००७ को संझौतामा नेपाल प्रहरीको सुडान मिसनको लागि चाहिने APC लगायतको बन्दोबस्तीका सामानहरू संयुक्त राष्ट्र संघले तोके बमोजिम ISO Standard को हुनुपर्ने, APC लगायतका बन्दोबस्तीका सामानहरू संयुक्त राष्ट्र संघको Inspection Team ले जाँच गर्दा न्यून गुणस्तरका भएमा वा कमसल वा कमजोर भएमा त्यस्ता सामानहरू तत्कालै परिवर्तन गरी निर्धारित समयभित्रै गुणस्तरीय सामान आपूर्ति गर्ने जिम्मेवारी बिक्रेता कम्पनीको हुने, ती सामानहरू आपूर्तिकर्ताबाटै सुडानसम्म ढुवानी गरिने, बिक्रेताले APU सञ्चालनको लागि तालीमको समेत व्यवस्था गर्ने, सामान आपूर्ति गर्ने क्रममा ४०% रकम अग्रिम भुक्तानी दिन सकिने र बाँकी ६०% रकम सामानको प्राप्ति भएपछि संयुक्त राष्ट्र संघको निरीक्षण टोलीबाट स्वीकृत भएपछि मात्र भुक्तानी दिइने लगायतका शर्तहरू उल्लेख गरिएको देखिन्छ। सो संझौता हुँदाको अवस्थामा बिक्रेता कम्पनिको तर्फबाट पेश गरिएको Specification मा APC को **ISO Standard** उल्लेख भएकोमा **कोटेशनमा ISO Standard** को ठाउँमा **APC model will be OT 64 and it is Refurbished**

भन्ने वाक्यांश हातको लेखाईबाट थप गरिएको देखिन्छ। सो मूल संझौतामा ~~APC लगायतका~~ सामानको ढुवानी बिक्रेता कम्पनिको तर्फबाट गरिने भनी शर्त उल्लेख भएकोमा APC तथा Spare parts ढुवानीका लागि भनी मिति १० अगस्त २००८ मा छुट्टै संझौता गरिएको देखिन्छ। तसर्थ APC लगायतका बन्दोबस्तीका सामानहरू संयुक्त राष्ट्र संघबाट तोकिएको मादण्ड अनुरूप मात्र नेपाल प्रहरीले खरीद गर्न पाउने र Assured Risk Company ले पनि तदनुरूपका सामान मात्र बिक्री गरिनु पर्नेमा करारको प्राम्भिक चरणमा नै APC को मापदण्ड हटाई संयुक्त राष्ट्र संघले स्वीकार गर्न नसक्ने पुरानो र मर्मत गरिएको APC खरीदको लागि सुझबुझपूर्ण रूपमा Specification मा **ISO Standard** लेखिएको स्थानमा संझौताको शर्त विपरीत **APC model will be OT 64 and it is Refurbished** थप गरिएको रहेछ भन्ने कुरामा विवाद हुन सक्तैन।

मिसिल संलग्न कागज हेर्दा व्यवस्थापिका संसदको राज्य व्यवस्था समितिबाट गठित छानबीन समितिको स्थलगत अवलोकन र छानबीन प्रतिवेदन समेतमा नेपाल प्रहरीको प्रधान कार्यालय र Assured Risk Company, London बीच भएको संझौता बमोजिमको APC तथा त्यसका Spare parts आपूर्तिकर्ता कम्पनिले निर्धारित स्थान सुडानको बन्दरगाहमा समयमा नै नपुर्‍याएको, ती सामानहरू संझौतामा उल्लिखित र संयुक्त राष्ट्र संघले निर्धारण गरेको मापदण्ड अनुकूल नभएको, सो APC सन् १९६० को दशकमा निर्मित भएको र निर्माता कम्पनि नै १९७० देखि नै अस्तित्त्वमा नभएको, कामै नलाग्ने अवस्थाको APC को कारणबाट मिसनमा खटिएका नेपाल प्रहरीका जवानहरूले जीउ ज्यान समेतमा खतरा मोली काम गर्नु परेको, Spare Parts के कहाँ छन् अत्तोपत्तो नभएको, समग्रमा नेपालको अन्तर्राष्ट्रिय प्रतिष्ठामा नै नकारात्मक असर परी नेपालले संयुक्त राष्ट्र संघमा पुर्‍याउँदै आएको योगदान माथि सो संस्थाले शङ्का गर्नुपर्ने सम्मको स्थिति देखापरेको भन्ने राज्य व्यवस्था समितिको छानबीन प्रतिवेदनमा औंल्याइएको देखिन्छ। यसका साथै APC मा १२.५ एम.एम.को हतियार जडान हुनुपर्नेमा आपूर्ति गरिएका APC मा १४.५/७.६२ एम.एम.को हतियार मात्र जडान गर्न मिल्ने Mount रहेको देखिएको, त्यसमा निर्धारित सञ्चार साधन जडान नभएको, साथै वातानुकूलित मेशिन (A/C) समेत नरहेको समेतबाट त्यसको सोधभर्ना हुन नसक्ने भनी संयुक्त राष्ट्र संघको निरीक्षण टोलीले ३ अगस्त २००९ मा टिप्पणी लेखेको देखिन्छ।

सुडान मिसनमा तत्काल कार्यरत राजेन्द्रसिंह भण्डारी समेतले प्रहरी प्रधान कार्यालयलाई इ-मेल पत्राचार गरी Assured Risk Company ले पठाएका APC काम नलाग्ने र पुरानो भई चलाउन नसकिने अवस्थाको भएको भनी सुचित गरेको देखिन्छ। तथापि प्रहरी प्रधान कार्यालयका

जिम्मेवार पदाधिकारीबाट सो सम्बन्धमा आपूर्तिकर्ता कम्पनिलाई कुनै सोधनी सम्म नगरी बसेको देखिन्छ।

अर्कोतर्फ प्रहरी कल्याण कोषको मिति २०६४/५/६ को निर्णयमा आपूर्तिकर्ताले नै ढुवानी गर्नुपर्ने साथै सामान आपूर्ति भएपछि संयुक्त राष्ट्र संघबाट सामानको गुणस्तर जाँच भई सोधभर्ना रकम आएपछि मात्र ६०% रकम भुक्तानी दिने गरी संझौता हुनुपर्ने भनी उल्लेख गरिएकोमा त्यसको विपरीत भुक्तानीको शर्त राखी करार गरिएको देखिन आएको छ। करारको शर्त बमोजिम खोलिएको पहिलो प्रतितपत्र (L/C) मा पटकपटक संशोधन गरी सामान ढुवानीको जिम्मा आपूर्तिकर्ता कम्पनिको नहुने, APC लगायतका सामानको निरीक्षणका लागि सुडानमा ८ जनालाई कम्पनिको तर्फबाट लैजाने शर्तलाई हटाउने, रकमको भुक्तानी प्रक्रियामा रहेको शर्त विपरीत सरल र छिटोछिटो भुक्तानी दिने कार्यहरू भएको कुरा मिसिलको तथ्यबाट स्पष्ट हुन आएको छ। संयुक्त राष्ट्र संघको टोलीले निरीक्षण गरी सामान काम नलाग्ने अवस्थाको भएको भनी लेखिसकेपछि पनि आपूर्तिकर्ता कम्पनिलाई रकम हस्तान्तरण गरिएको देखिएको छ।

त्यसैगरी तत्काल प्रचलित सार्वजनिक खरीद ऐन, २०६३ लागू भइसकेको अवस्थामा यस विवादको खरीद कार्य भएको देखिन्छ। तर सो प्रक्रियामा उक्त ऐनबाट निर्धारित प्रक्रियाहरू पालना नगरी खारेज भइसकेको पुरानो कानूनी व्यवस्था बमोजिम हतारहतार टेण्डर आव्हान गरिएको, सोको म्याद प्रचलित कानूनको बर्खिलाप हुने गरी न्यून राखिएको, सो छोटो समयमा बिड गर्ने ३ वटा कम्पनिको नामबाट कोटेशन पारिएकोमा ती कम्पनिका स्थानीय एजेण्टहरूको आपसी मिलेमतोमा उक्त कोटेशनहरू पेश गरेको भन्ने समेत मिसिलको तथ्यबाट खुलेको छ। यी समग्र कामकारवाहीबाट नेपाल प्रहरीको सुडान मिसनमा कार्यरत प्रहरी टुकडीको लागि चाहिने APC थान ८ तथा त्यसको पार्टपूर्जाको खरीद प्रक्रियामा संस्थागत रूपमा बद्नियतपूर्ण कार्य भई कमसल र काम नलाग्ने प्रकृतिका र अत्यन्तै पुराना APC खरीद गरिएको देखिएको, त्यसका पार्टपूर्जाको अस्तित्व नै नदेखिएकोमा सो वापत समेत बिक्रेता कम्पनिले भुक्तानी पाइसकेको साथै सो स्पेयर पार्ट्सको बीमा, भ्याट रकम समेत स्थानीय प्रतिनिधिलाई भुक्तानी दिइएको देखिन्छ। समग्रमा ती सामानको संयुक्त राष्ट्र संघले सोधभर्ना रकम नेपाल सरकारलाई भुक्तानी दिन नसक्ने स्थिति उत्पन्न भई प्रहरी कल्याण कोष तथा अन्ततः नेपाल सरकारलाई अपूरणीय हानी नोक्सानी भएको देखिन आएको छ।

अब यस विवादमा के कति रकमको हानी नोक्सानी भएको हो भन्ने सम्बन्धमा हेर्दा अभियोगपत्रमा ८ थान APC तथा त्यसको लागि चाहिने Spare Parts को मूल्य, बीमा रकम र

ढुवानी खर्च वापत बिक्रेता कम्पनिलाई भुक्तानी गरिएको रकमका साथै चीनबाट सुडानको बन्दरगाहसम्म ढुवानी भएका Ambulance तथा पानी ट्याङ्करहरूको ढुवानी भाडा समेत गरी जम्मा रू २८,८१,६१,६२९/३० विगो हिनामिना गरिएको भनी दावी गरिएको देखिन्छ। तर चीनबाट सुडानको बन्दरगाहसम्म ढुवानी भएका Ambulance तथा पानी ट्याङ्करहरूको गुणस्तरका सम्बन्धमा वादी नेपाल सरकारले अन्यथा दावी गरेको अवस्था नहुँदा विवादमा नआएका सामानको ढुवानीको भाडा रकम विवादित APC तथा त्यसको पार्टपूर्जाको मूल्य तथा ढुवानीको रकममा समावेश गर्न मिल्ने देखिँदैन। तसर्थ चीनबाट सुडानको बन्दरगाहसम्म ढुवानी भएका Ambulance तथा पानी ट्याङ्करहरूको ढुवानी तथा वीमा वापत बिक्रेता कम्पनिलाई भुक्तानी गरिएको अमेरीकी डलर $५१,४६७ को तत्कालीन परिवर्त्य दरले हुने रु. ४१,४५,६२३/६० कट्टा गरी गुणस्तरहीन र काम नलाग्ने अवस्थाका APC, त्यसको पार्टपूर्जा तथा ढुवानी वापत समेत प्रहरी कल्याण कोषबाट बिक्रेता कम्पनिलाई भुक्तानी भई गएको जम्मा रु. २८,४०,१६,००६/०७ लाई विशेष अदालतले फैसलामा विगो कायम गरेको अन्यथा देखिएन।

अब यस APC खरीद समेतको कार्यमा गुणस्तररहित सामान आपूर्ति भएकोमा सोतर्फ ध्यान नदिई ठेकेदार कम्पनिलाई रकम भुक्तानी दिने दिलाउने कार्यमा को कसको के कति संलग्नता वा बद्नियत रहेको हो, वादी नेपाल सरकारको पुनरावेदन जिकीर बमोजिम सबै प्रतिवादीहरू दोषी हुन् वा होइनन्, प्रतिवादीहरूको पुनरावेदन जिकिर बमोजिम निजहरूले सफाई पाउने अवस्था छ, छैन भन्ने सम्बन्धमा हेर्नु पर्ने देखिएकोछ।

सो सम्बन्धमा हेर्दा प्रतिवादीमध्येको बिक्रेता कम्पनि Assured Risk Company London तथा त्यसका निर्देशक Michael Rider समेत मुख्य आपूर्तिकर्ता भएकोमा विवाद नभएको, सो कम्पनि तथा त्यसका निर्देशक निज प्रतिवादी Michael Rider ले संयुक्त राष्ट्र संघको मापदण्ड विपरीतका पुराना र काम नलाग्ने एवं करारको शर्त विपरीत गई सही चालु हालत र अवस्थामा नै नरहेका ८ थान APC आपूर्ति गरी प्रहरी कल्याण कोषबाट रकम भुक्तानी लिइसकेको देखिएको छ। ८ थान APC का पार्टपूर्जाहरू आपूर्ति नै गरेको नदेखिएकोमा पनि सो वापतको रकम समेत भुक्तानी लिई विगो रु. २८,४०,१६,००६/०७ बराबरको रकम आफू र आफ्नो कम्पनीलाई गैरकानूनी लाभ र प्रहरी कल्याण कोष तथा नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याएको देखियो। तसर्थ निज प्रतिवादी **Assured Risk Company, London** बाट सो विगोको आधा रकम रु. १४,२०,०८,००३/०३ भराउने तथा प्रतिवादी **Michael Rider** लाई दुई वर्ष कैद र विगो

बमोजिम रु. २८,४०,१६,००६/०७ जरिवाना समेत गर्ने गरेको विशेष अदालत काठमाडौंको फैसला सो हदसम्म अन्यथा देखिन आएन।

अब पुनरावेदक प्रतिवादी **शम्भु भारती**को हकमा विचार गर्दा यी प्रतिवादीले मूल कंम्पनीको तर्फबाट स्थानीय प्रतिनिधि भई सुडानको डार्फरमा खटिने नेपाल प्रहरीको FPU को लागि आवश्यक बन्दोवस्तीको सामान खरिद गर्न नेपाल प्रहरीसँग ७ सेप्टेम्वर २००७ मा संझौता गरेको कुरामा विवाद छैन। सो संझौता गर्नु अगाडि निजले मुख्य कम्पनिको तर्फबाट सामानको Specification मा मूल्य समेत खुलाई कोटेशन पेश गर्नुपर्नेमा तत्कालीन नेपाल प्रहरीका प्रहरी महानिरीक्षक ओमविक्रम राणाको निर्देशनमा स्पेशिफिकेशन र क्याटलग विना नै सामानको दररेट बनाउन लगाएको भन्ने संलग्न कागजातहरू समेतबाट देखिन्छ। गृह मन्त्रालयबाट पठाइएका ३४ वटा सम्भाव्य कम्पनिलाई प्रतिस्पर्धामा आउन नै नदिई जम्मा ३ वटा सूचीकृत फर्मको छनौट गरिएको देखिएकोमा यिनै प्रतिवादीका नाताका मानिस संलग्न रहेका अन्य दुईवटा फर्मसँग मिलेमतो गरी दरभाउपत्र पेश गर्न पत्राचार गरेको र अन्ततः आफैं एजेण्ट भएको Assured Risk Company लाई ठेक्का पारेको अवस्था देखिन्छ।

त्यसरी ठेक्का पारेपछि मिति ९ सेप्टेम्बर २००७ को कोटेशनको अन्तिममा यी प्रतिवादीले कम्पनिको तर्फबाट सहीछाप गरिसकेपछि **Note: APC model will be OT64 and it is Refurbished** भनी आफैंले हातले लेखी सप्लाई हुनुपर्ने **ISO Standard** को APC को सट्टामा पुरानो र मर्मत गरिएको APC आपूर्ति गराउने गरी निर्णायक भूमिका खेलेको देखिन्छ।

त्यसरी पुरानो APC आपूर्ति गराउने योजना बिना सुझबुझ गरिएको भन्ने देखिँदैन। सुरूदेखि नै सोचविचार गरी कोटेशनमा मूल संझौताको विपरीतका शर्तहरू थपी ८ थान पुराना र काम नलाग्ने APC सप्लाई गराएको देखिन्छ। त्यसैगरी यी प्रतिवादीले २०६५।५।३ मा अमेरिकी डलर ७३,५३४/- बुझी लिएको प्रमाण कागजबाट देखिएकोमा सो बराबरको विमा नगरी कम रकमको विमा गरेको देखिन्छ भने अर्कोतिर Tax Invoice नै जारी नगरी अमेरिकी डलर ८,४६१ यी प्रतिवादीले मूल्य अभिवृद्धि कर वापतको रकम भनी बुझिलिएको देखिन्छ।

कोटेशनको शर्त नं १० मा भुक्तानी प्रणाली शुरुमा ४० प्रतिशत र सामान डेलिभरी भएपछि ६० प्रतिशत भुक्तानी दिने शर्त उल्लेख गरेकोमा पछि ती शर्त विपरीत भुक्तानी तालिका तयार भई प्रतिवादी Assured Risk Company को नाममा भुक्तानी गराएको देखिन्छ। २७ सेप्टेम्वर २००७ को करारमा उल्लेख भएको ISO Standard का सामान हुनुपर्ने प्रावधानहरूलाई मिति २००७।१०।१७ मा L/C संशोधन गरी हटाइएको देखिन्छ भने सामानको इन्सपेक्सन

गर्ने र युएनको इन्सपेक्सन पछि भुक्तानी दिने कुराको पालन नगरी सामान डेलिभरी र इन्सपेक्सन नैं नगरी भुक्तानी लिइएको देखिन्छ। APC मा १२.५ एम.एमको हतियार मात्र प्रयोग गर्नुपर्ने मापदण्ड रहेकोमा आपूर्ति भएका APC मा १४.५/७.६२ एम.एमको हतियार जडान गर्ने Mount रहेको, सञ्चार साधन पनि नजोडिएको र वातानुकूलन उपकरण (A/C) पनि नरहेको भन्ने निरीक्षण टोलीबाट खुल्न आएको छ। यसरी यी तमाम चरण र कार्य योजनामा मूल कम्पनिको तर्फबाट एजेण्ट भई काम गर्ने यी प्रतिवादीको संलग्नताबिना सबै कार्य सम्पन्न हुने स्थिति नै देखिँदैन। किनभने खरीद प्रक्रियाको प्रारम्भदेखि नै कोटेशनमा हातले थप्ने काम यी प्रतिवादी शम्भु भारतीको हस्ताक्षरबाट भएको देखिन्छ भने आफू एजेण्ट भएको कम्पनिको पक्षमा ठेक्का पार्न मिलेमतोमा चिनजानाका अन्य फर्महरूको मात्र कोटेशन पार्ने, आफ्नो मूल कम्पनिलाई ठेक्का पारेपछि ISO मापदण्ड हटाउने, अन्य सामानको बनिसकेको एलसी कटाई स्पेयर पार्टस् खरिद गराई ढुवानीको ठेक्का लिने कार्य गरी स्पेयर पार्ट्सको ढुवानी, विमा, भ्याटको रकम वापत भनी यी प्रतिवादीले प्रहरी प्रधान कार्यालयबाट रु ३,१०,३७,३३०।७२ बुझी लिएको देखिन्छ। तर सो रकम यी प्रतिवादीले मूल कम्पनिलाई वैध माध्यमको रूपमा प्रचलित बैङ्किङ् प्रणाली मार्फत् पठाएको समेत देखिँदैन।

यसरी यी प्रतिवादीले APC र सोको स्पेयर पार्टस खरिद गर्दा तथा ढुवानी गर्दा खर्च भएको नेपाल प्रहरी कल्याण कोषको रकम सो सामानहरू कमसल भएको कारण UN बाट रकम सोधभर्ना हुन नसकी आफू र निजको मूल कम्पनीलाई गैरकानूनी लाभ र नेपाल प्रहरीलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याउने गरी कार्य गर्नुको साथै सो कार्यको लागि मतियारको समेत भूमिका निर्वाह गरेको देखिन आएको हुँदा पुनरावेदक प्रतिवादी **शम्भु भारती**लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) र २२ बमोजिमको कसुरमा एक वर्ष कैद तथा विगोको आधा रु. १४,२०,०८,००३/०३ (चौध करोड बीस लाख आठ हजार तीन रुपैयाँ तीन पैसा) जरिवाना गरी त्यति नै विगो प्रहरी कल्याण कोषले निजबाट भराई लिन पाउने ठहऱ्याएको विशेष अदालतको फैसला समेत सो हदसम्म अन्यथा देखिएन।

अब पुनरावेदकमध्येका प्रतिवादी **ओमविक्रम राणा**को हकमा विचार गर्दा सुडान मिसनको लागि नेपाल सरकारको आदेश बमोजिम बन्दोबस्ती सामान पठाउन ठेकेदारसँग तत्कालीन प्रहरी महानिरीक्षक रहेका यिनै पुनरावेदक प्रतिवादी ओमविक्रम राणा कै अग्रसरतामा र निजकै निर्देशनमा कोटेशन माग्ने र ठेक्का दिने काम भएको देखिन्छ। मिसनको लागि बन्दोवस्तीका सामानको भुक्तानी भने नेपाल सरकारको आदेशमा प्रहरी कल्याण कोषबाट दिएको देखिन्छ।

निज प्रतिवादी ओमविक्रम राणाले सुडानको डार्फरमा खटिने FPU का लागि आवश्यक बन्दोबस्तीका सामान खरिद गर्न प्रतिवादी दीपकसिंह थाङदेनको अध्यक्षतामा योजना तथा लागत अनुमान समितिको गठन गरी त्यसैको प्रतिवेदनको आधारमा खरिद प्रक्रिया अगाडि बढाएको देखिएको छ। तर ISO Standard को APC हुनुपर्ने शर्त विपरीत Refurbished APC भनी कोटेशनमा हातले थप गरी मुख्य सामान APC को Standard नै परिवर्तन गरेको स्पष्ट देखिँदा देखिँदै सो कोटेशनलाई अन्यथा नगरी स्वीकृत गरेको देखिन आएको छ। प्रतिवादी रविप्रताप राणाले यिनै प्रतिवादीको आदेशले प्रतिवादी शम्भु भारतीले Refurbished शब्दहरू हातले थप गरेको भनी बयान गरेको देखिन्छ।

प्रतिवादी दीपकसिंह थाङदेनको अध्यक्षतामा गठित समितिले जम्मा रु. ३५,४३,१९,०४८/०८ लागत अनुमान पेश गरेकोमा शुरु लागत अनुमानमा पछि ५,३६,७३,०००/- थप अनुमान लागत समावेश गरी जम्मा लागत रु. ४०,०९,९२,०४८/८० लाग्ने भनी संशोधन गरी संशोधित लागत अनुमानलाई विना आधार कारण यिनै प्रतिवादीको निर्णयबाट सदर गरेको कुरा प्रहरी कल्याणकोष संचालक समितिको मिति २०६४।६।१८ को निर्णय पुस्तिकाबाट समेत देखिन आएको छ। सो कोषको मिति २०६४।५।६ को निर्णयमा र २७ सेप्टेम्वर २००७ मा प्रहरी प्रधान कार्यालय र ठेकेदार बीच सम्पन्न भएको संझौतामा सप्लायरले सप्लाई गर्ने सामानको स्वीकृत भएको अंकको ४० प्रतिशत मात्र भुक्तानी लिई बाँकी ६० प्रतिशत रकम व्याज नपाइने गरी UN बाट रकम प्राप्त भएपछि क्रमशः भुक्तानी लिन राजी हुनुपर्ने गरी करार गर्नुपर्ने भन्ने समेत व्यहोराको निर्णय गरेकोमा सोको विपरीत करार गराएको साथै APC र सोको Spare Parts को रकम सोधभर्ना नहुँदै यी प्रतिवादीको कार्यकालमा L/Cमार्फत् संशोधन गरी २०६४।६।३० मा निरीक्षण सम्बन्धी व्यवस्था र ISO Standard को APC हुनुपर्ने व्यवस्था समेत हटाइएको देखिन्छ। साथै करारको शर्त विपरीत भुक्तानी तालिका परिवर्तन गराई त्यसै तालिकाको आधारमा बिक्रेता कम्पनिलाई रकम भुक्तानी गरेको देखिन्छ। सो तमाम कार्यको अन्तिम निर्णयकर्ताको रूपमा रहेका यी प्रतिवादीलाई सो सम्बन्धमा जानकारी नहुने वा निजको निर्देशनविना मातहतका अन्य पदाधिकारीले मात्र सो कार्य गर्न संभव देखिँदैन।

यिनै प्रतिवादीको कार्यकालमा **Irrevocable** एल.सी. खोली बुक फोर्स लोन पद्धतिबाट बिक्रेता कम्पनीलाई रकम भुक्तानी दिने गरी सम्बन्धित बैंकलाई नेपाल प्रहरीको तर्फबाट आदेश दिएको देखिन्छ। रकमको भुक्तानीका लागि चाहिने आवश्यक कागजातमा अनिवार्य शर्त विपरीत ६०% रकम किस्तामा सहज भुक्तानी गर्ने गरी परिवर्तन गर्ने जस्ता कार्य पनि यिनै प्रतिवादीको

निर्देशनमा भएको कुरा प्रतिवादी श्यामसिंह थापाको अधिकारप्राप्त अधिकारी समक्षको बयानबाट समर्थित हुन आएको देखिन्छ।

प्रहरी प्रधान कार्यालयको मिति २०६८।६।४ को पत्रसाथ प्राप्त **UN Verification Certificate** *मा सुडान बन्दरगाहमा आइसकेपछि* नै APC हरू **Not serviceable** *भन्ने व्यहोरा* उल्लेख भएबाट पुरानो र गुणस्तरहीन APC खरिद भएको तथ्य पुष्टि हुन आएको छ। प्रहरी कल्याण कोषको मिति २०६४।५।६ को निर्णय र २७ सेप्टेम्वर २००७ को संझौतामा प्रथम चरणमा ४०% प्रतिशत मात्र भुक्तानी दिई बाँकी ६०% UN बाट सोधभर्ना आएपछि दिने भनी उल्लेख भएकोमा यी प्रतिवादीले संझौताको शर्त विपरीत L/C मार्फत् भुक्तानी तालिका परिवर्तन गराई UN को Inspection Team ले सामानको निरीक्षण गर्नुभन्दा पहिला नै भुक्तानी हुने व्यवस्था मिलाएको देखिन्छ।

यसरी प्रहरी कल्याण कोषको सामुहिक निर्णय र मूल संझौताको विपरित यी प्रतिवादीको कार्यकालमा विना कानूनी आधार र कारण प्रतितपत्र मार्फत् मूल संझौताको शर्तहरू परिवर्तन गराई संयुक्त राष्ट्र संघको मापदण्ड विपरीतका काम नलाग्ने पुराना र चल्तिमा आउन नै नसक्ने APC खरीद गर्ने गरी बद्नियतसाथ निर्णय गराई २०६४।७।२७ देखि २०६५।४।२६ सम्म पटकपटक गरी रू.१७,०६,००,८२४/७४ बराबर ठेकेदारलाई रकम भुक्तानी दिएको देखिन्छ। निज प्रतिवादीले सो रकम भुक्तानीका क्रममा यो यति रकम नै लिए खाएको रहेछन् भनी देखिने स्पष्ट प्रमाणको अभाव रहेको हुँदा निजले यति नै रकम लिए खाएको भनी विगो कायम गर्न मिल्ने देखिएन। तथापि बदिनयतसाथ गुणस्तरहीन APC लगायतका बन्दोबस्तीका सामान खरीद गरी निजको पालामा भुक्तानी भई गएको उक्त रकम संयुक्त राष्ट्र संघबाट प्रहरी कल्याण कोषलाई सोधभर्ना हुन नसकी प्रहरी कल्याण कोषलाई हानी नोक्सानी भएको देखियो। अतः निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) (घ) र (ञ) बमोजिम कसुरजन्य देखियो।

पुनरावेदक प्रतिवादी **हेमबहादुर गुरुङ**को हकमा विचार गर्दा यी प्रतिवादी २०६५।६।२ देखि २०६५।११।५ सम्म प्रहरी महानिरीक्षक पदमा वहाल रही कार्यरत रहँदा एलसीको चौथो र पाँचौ किस्ता वापतको अमेरिकी डलर ९,००,०००.००, एपीसीको स्पेयर पार्ट्सको ढुवानी, विमा र मूल्य अभिवृद्धिकर वापत अमेरिकी डलर ६२,५८० तथा पानी टैंकर र एम्बुलेन्सको ढुवानी, विमा र मूल्य अभिवृद्धि कर वापत अमेरिकी डलर ५१,४६७ समेत जम्मा १०,१४,०४७ अमेरिकी डलर निजकै निर्देशनमा भुक्तानी दिएको देखिन्छ। सुडान मिसनमा खटिएका नेपाल प्रहरीका FPU को लागि खरिद भई सुडानमा आपूर्ति भएका ८ थान APC हरू न्यून गुणस्तरका

भएका भन्ने कुरा माथि विश्लेषण गरिसकिएकोछ। यी प्रतिवादीकै कार्यकालमा सुडान UNMIS मा कार्यरत रहेका राजेन्द्रसिंह भण्डारी र FPU Contingent Commander कमलसिंह बमले आपूर्ति भएका APC काम नलाग्ने अवस्थामा छन् भनी खवर गरेको भन्ने मिसिलबाट देखिन्छ। त्यसबाट समेतआपूर्ति गरिएका सबै APC काम नलाग्ने भएको कुराको जानकारी यी प्रतिवादीलाई प्रहरी महानिरीक्षकको जिम्मेवारी सम्हाल्दाकै अवस्थामा भइसकेको भन्ने तथ्य पुष्टि भएको देखिन्छ। मिसनमा कार्यरत राजेन्द्रसिंह भण्डारी र कमलसिंह बमले खबर गरेको अवस्थामा संझौता विपरीत खराब तथा अस्वीकृत APC आपूर्ति गर्ने ठेकेदारलाई कानूनी कारवाही गरी नयाँ सामान आपूर्ति गराउन सक्ने अवस्था हुँदाहुँदै सो नगरी L/C को चौथो र पाँचौ किस्ता वापतको रकम प्रतिवादीले आफ्नो कार्यकालमा भुक्तानी दिलाएको र खर्च अनुमोदनलाई सदर गरेको देखिन्छ। APC Spare Parts आपूर्ति नै नभएको अवस्थामा सोतर्फ छानबीन नगरी बुझ्दै नबुझी त्यसको रकम भुक्तानी दिएको देखिन्छ। त्यसरी भुक्तानी दिएको रकमबाट यो यति रकम यी प्रतिवादीले लिए खाएको भनी देखिने स्पष्ट प्रमाणको अभावमा यी प्रतिवादीको हकमा समेत विगो कायम गर्न मिल्ने देखिँदैन। तर APC Spare Parts आपूर्ति नै नभएको अवस्थामा पनि बिना आधार बिक्रेता कम्पनिलाई सो वापत समेत भुक्तानी दिएको देखिएको र निज प्रतिवादीको पालामा भुक्तानी भएको रकम प्रहरी कल्याण कोषलाई सोधभर्ना हुन नसकी प्रहरी कल्याण कोषलाई गैरकानूनी हानी भएको देखिंदा निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ञ) बमोजिम कसुरजन्य देखियो।

पुनरावेदक प्रतिवादी **रमेशचन्द ठकुरी**को हकमा विचार गर्दा प्रतिवादी हेमबहादुर गुरुङ २०६५।११।५ मा प्रहरी महानिरीक्षक पदबाट सेवा निवृत्त भएपछि प्रतिवादी रमेश चन्द ठकुरी प्रहरी महानिरीक्षक भएको कुरामा विवाद छैन। यी प्रतिवादी रमेश चन्द ठकुरीको पालामा APC र सोको Spare Parts हरूको L/C को छैठौं र सातौं किस्ता क्रमशः २८ अप्रिल २००९ मा US$ ४,५०,००० र २८ जुलाई २००९ मा US$२७३०६३.२३ अमेरिकी डलर ठेकेदार कम्पनी Assured Risks Ltd. London लाई भुक्तानी पठाएको र सुडान मिसनको खर्च समर्थन गर्ने निर्णय गरेको देखिन्छ। तत्कालीन मिसनमा खटिएका Contingent commander हरू राजेन्द्रसिंह भण्डारी, कमलसिंह बम, रामप्रसाद श्रेष्ठ र मोहनराज जोशीले मिसनमा पुगेका बन्दोबस्तीका सामग्रीहरूको न्यून गुणस्तर लगायतका विषयहरूमा पटक पटक मौखिक र लिखित रूपमा तत्काल संगठन प्रमुखको रूपमा रहेका प्रहरी महानिरीक्षकहरूलाई जानकारी गराइएको भन्ने तथ्य निजहरूले अख्तियार दुरुपयोग अनुसन्धान आयोग र विशेष अदालतमा बयान कागज तथा बकपत्र

गर्दा समेत खुलाएको पाइन्छ। सो कुरा यी प्रतिवादीले संगठन प्रमुखको रूपमा पद बहाल गरेपछि थाहा नपाउने भन्ने देखिँदैन। तर यी प्रतिवादीले प्रहरी महानिरीक्षकको जिम्मेवारी सम्हालेपछि काम नलाग्ने APC हरूको रकम आफ्नो पालामा ठेकेदार कम्पनिलाई भुक्तानी नदिई थप हानी नोक्सानी हुनबाट जोगाउन सकिने अवस्था भएकोमा सो गरेको देखिँदैन। यी प्रतिवादीले आफ्ना पालामा भुक्तानी दिएको रकमबाट यो यति रकम लिए खाएको हो भनी देखिने प्रमाणको अभावमा यी प्रतिवादीको हकमा बिगो कायम हुन सक्ने देखिँदैन। तथापि निजको पालामा कमसल र काम नलाग्ने APC लगायतका सामान वापतको रकमको भुक्तानी रोक्न नसकी नेपाल प्रहरी कल्याण कोषलाई हानी नोक्सानी भएको कुरामा विवाद नहुँदा निजको सो कार्य समेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ज) बमोजिम कसुरजन्य देखियो।

अब अभियोगदावी बमोजिम सजाय हुनुपर्छ भनी वादी नेपाल सरकारले पुनरावेदन जिकिर लिएका अन्य प्रतिवादीहरू **दिनेश के.सी., गुप्तबहादुर श्रेष्ठ, विद्याधर श्रेष्ठ, दीपेन्द्रबहादुर बिष्ट, शिव लामिछाने, संजयसिंह बस्नेत, टपेन्द्रध्वज हमाल, अजितकुमार गुरुङ, रामकृष्ण राजभण्डारी, सुरेन्द्रबहादुर पाल, लालगोविन्द श्रेष्ठ, श्यामबहादुर खड्का, मदनबहादुर खड्का, प्रकाश अधिकारी, पिताम्वर अधिकारी, कृष्णप्रसाद गुरागाई, रमेशकुमार पाण्डेय, हरिहर श्रेष्ठ, अर्जुनप्रसाद तिमिल्सिना, गिरीधारी शर्मा, दीपकसिंह थाङदेन, मनोज न्यौपाने, निरजबहादुर शाही, निरज पुन, श्यामसिंह थापा, रविप्रताप राणा, विजयलाल कायस्थ, दीपककुमार श्रेष्ठ, नरेन्द्रकुमार खालिङ, अर्जुनजंग शाही र रमेशविक्रम शाह** समेत ३१ जनाको हकमा विचार गर्नुपर्ने देखिन आयो।

सर्वप्रथम प्रतिवादी **श्यामसिंह थापा**को हकमा विचार गर्दा निजले विभिन्न मितिमा L/C. संशोधन गर्न पत्राचार गरेको देखिन्छ। सो संशोधनबाट मूल करारका शर्तहरूमा परिवर्तन गरी बिक्रेता कम्पनिको हित हुने विभिन्न प्रावधानहरू थप गर्नुको साथै L/C को रकम भुक्तानी दिन आदेश गरेको देखिन्छ। साथै पहिलो किस्ता वापत अमेरिकी डलर १,००,०००/- भुक्तानी रिलिज गर्न निजले नै आदेश दिएको देखिन्छ। यसरी संझौताको शर्त बमोजिम संयुक्त राष्ट्र संघबाट सामानको मापदण्ड निरीक्षण हुनु अगावै हतार हतार एल.सी.को माध्यमबाट मूल करारका शर्तहरू परिवर्तन गरेको, त्यसरी परिवर्तित शर्तहरूबाट बिक्रेता कम्पनिलाई प्रत्यक्ष लाभ र नेपाल प्रहरीलाई हानी नोक्सानी हुने अवस्था सिर्जना भएको देखिएको छ। ट्रक र जिपको रकम बाँकी ६०% बाट घटाउन अनुरोध गरेको देखिएपनि पछि सो रकमबाट Spare Parts खरिद गर्न छुट्टै संसोधित संझौता गरेको देखिन्छ। APC तथा त्यसको पार्टस पूर्जा समेत बिक्रेता कम्पनिले ढुवानी गर्ने तथा सो APC सञ्चालन समेतको लागि नेपाल प्रहरीको तर्फबाट ८ जनालाई

बिक्रेता कम्पनिले नै सुडानमा तालीम दिने लगायत नेपाल प्रहरीको हितमा रहेका महत्त्वपूर्ण शर्तलाई यिनै प्रतिवादीले समेत हटाई कम्पनिलाई गैरकानूनी रूपमा फाइदा हुने काम गरेको देखिन आएको छ। यसका साथै निज प्रतिवादीले L/Cको पाँचौ किस्ता २०६६।४।१३ मा र छैठौं किस्ता २०६६।१।१५ मा हिमालयन बैंकको खातामा ट्रान्सफर गरेको देखिन्छ। यी प्रतिवादीले ठेकेदार कम्पनिसँग मिलेमतो गरी यति नै रकम लिए खाएको रहेछन् भनी देखिने कुनै आधार प्रमाण नहुँदा निजको हकमा समेत बिगो कायम गर्न मिल्ने देखिएन। तर यी प्रतिवादी **श्यामसिंह थापाले** बदि्नयतसाथ मूल करारका शर्तहरू विपरीत एल.सी. परिवर्तन गरी बिक्रेता कम्पनिलाई फाइदा हुने र नेपाल प्रहरीको कल्याण कोषको रकम हानी नोक्सानी हुने गरी विभिन्न समयमा भूमिका खेलेको साथै गुणस्तर नै नभएको सामान आपूर्ति गरेको कुरा थाहा हुँदाहुँदै बिक्रेता कम्पनिलाई रकम भुक्तानी गर्ने कार्यमा प्रत्यक्ष रूपमा संलग्न भई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(घ) र (ञ) बमोजिमको कसुर गरेको देखियो।

अर्का प्रतिवादी **दीपकसिंह थाङदेनको** हकमा विचार गर्दा निजले बन्दोबस्तीका सामान खरीदको योजना तर्जुमा र लागत अनुमान समितिको अध्यक्षको रूपमा रही सामान खरीदको योजना तथा लागत प्रतिवेदन पेश गरेको देखिन्छ। साथै प्रतिवादी दीपकसिंह थाङदेनकै अग्रसरतामा प्रतिवादीहरू, नरेन्द्रकुमार खालिङ, विजयलाल कायस्थ र दीपककुमार श्रेष्ठले रू. ५,३६,०८,०००/- को थप लागत अनुमान पेश गरी सो लागतलाई शुरुको लागत अनुमानमा समावेश गरी मिति २०६४।६।१८ को बैठकमा पेश गरी निर्णय गराएको देखिन्छ। त्यसै वैठकमा विभिन्न किसिमका १२ सामानमध्ये नयाँ सामानको लागि रु. ७८,४८,०००/- लागत अनुमान प्रस्ताव गरी शुरुको प्रतिवेदन बमोजिमका सामानहरूमा समेत अस्वाभाविक तथा अत्यधिक रूपमा लागत अनुमान बढाएको देखिन्छ। सो प्रतिवेदनमा APC लगायतका बन्दोबस्तीका सामानको अन्तरराष्ट्रिय मूल्यको सम्बन्धमा यथार्थ तथ्य बुझी सामानको वास्तविक गुणस्तर तथा मूल्य सूची समावेश गर्नुपर्नेमा त्यसतर्फ कुनै कुरा नबुझी हचुवाको आधारमा ठेकेदारले जुन सूची पेश गरेको हो त्यसैलाई सिफारिश गर्ने हिसाबले प्रतिवेदन दिएको देखिन्छ। साथै एल.सी.मा परिवर्तन गरी यो यो मितिमा भुक्तानी दिने भनी भुक्तानी तालिका नै निर्धारित गरी बिक्रेता कम्पनिको तर्फबाट बन्दोबस्तीका सामान आपूर्ति भई संयुक्त राष्ट्र संघले निरीक्षण गरेपछि सही सामान देखिएमा मात्र भुक्तानी दिने भन्ने करारको प्रावधानलाई नै औचित्यहीन बनाई बदि्नयतपूर्ण कार्य गरेको देखिन्छ। यसका अतिरिक्त ठेकेदार कम्पनिलाई बुक फोर्स लोनबाट समेत भुक्तानी दिनु भनी बैंकलाई आदेश समेत दिएको देखिन्छ। निज प्रतिवादी दीपकसिंह

थाङ्देनले सामान खरीद गर्ने प्रक्रियामा ठेकेदारसँग मिलेमतो गरी यो यति रकम लिए खाएको भन्ने प्रमाणको अभाव भएकोले निजको हकमा समेत विगो कायम हुने देखिएन। तर माथि विवेचना भएबमोजिम निज प्रतिवादीको योजना बमोजिम APC लगायतका बन्दोबस्तीका सामानको लागत बढाई खरीद योजना पेश गरेको, APC को गुणस्तर तथा मूल्यका सम्बन्धमा यथार्थ तथ्य बुझ्दै नबुझी खरीद योजना तयार पारी बिक्रेता कम्पनिलाई हतारहतार भुक्तानी दिने समेतको कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(घ) र (ञ) बमोजिम कसुरजन्य कार्य गरेको देखिन आयो।

अर्का प्रतिवादी **दीपककुमार श्रेष्ठ**को हकमा विचार गर्दा निजको अध्यक्षतामा गठन भएको खरीद समितिले सिफारिस गरे बमोजिम प्रतिवादी Assured Risk Company सँग सामान खरीदको संझौता भएको भन्ने निज प्रतिवादी दीपककुमार श्रेष्ठको बयानबाटै देखिन्छ। सो सम्झौतामा प्रहरी कल्याण कोषको हित हुने प्रावधान राख्नुपर्ने भन्ने सो कोषको मिति २०६४/५/६ को निर्णय विपरीत ठेकेदार कम्पनिको हित हुने प्रावधानहरू राखिएको देखिन्छ। आफैंले सिफारिस गरेको कम्पनिसँग प्रतिवादी दीपककुमार श्रेष्ठले नै सामान खरीदको मूल करार गरेको देखिन्छ। सो करार गरिसकेपछि सो मूल करारमा सामानको ढुवानी आपूर्तिकर्ता कम्पनिले गर्ने स्पष्ट शर्तको विपरित छुट्टै ढुवानी सम्बन्धी करार गरी त्यसमा समेत यिनै प्रतिवादी दीपककुमार श्रेष्ठले हस्ताक्षर गरेको देखिन्छ। एल.सी. मार्फत् मूल करारको शर्त विपरीत भुक्तानी दिन तालिका समेत बनाई Book Force Loan बाट समेत भुक्तानी दिन यी प्रतिवादीले भूमिका खेलेको देखिन्छ। भुक्तानी तालिका बमोजिम प्रहरी प्रधान कार्यालयको पूर्व स्वीकृति नै नलिई भुक्तानी दिनु भनी बैंकलाई यी प्रतिवादीले समेत पत्र लेखेको देखिन्छ। यी प्रतिवादीले सो कार्य गरे वापत यो यति रकम नै लिए खाएको भन्ने देखिने प्रमाण नहुँदा निजको हकमा समेत विगो कायम गर्न मिलेन। तर माथि विवेचना भएबमोजिम यी प्रतिवादी दीपककुमार श्रेष्ठ समेत संझौताको प्राम्भिक चरणदेखि नै बदिनयतसाथ बिक्रेता कम्पनिलाई लाभ हुने र प्रहरी कल्याण कोषलाई गैरकानूनी रूपमा हानी नोक्सानी गराउने कार्यमा संलग्न भएको देखिन आयो। अतः निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(घ) र (ञ) बमोजिम कसुरजन्य देखियो।

अर्का प्रतिवादी **रविप्रताप राणा**को हकमा हेर्दा प्रचलित कानूनको परिधिभन्दा बाहिर गई हतार हतार अनियमित प्रक्रियाबाट गुणस्तरहीन APC लगायतका बन्दोबस्तीका सामान खरीद गर्ने उद्धेश्यका साथ ३ वटा कम्पनिको मात्र कोटेशन पर्ने गरी सूचना प्रकाशन गर्ने समेतको कार्यमा यी प्रतिवादी समेत संलग्न भई अत्यन्त कम समयावधिमा कोटेशन लिने समेतको कार्य गरेको

देखिन्छ। प्रतिवादी दीपक थाङ्देनले बनाएको भुक्तानी तालिका बमोजिम बिक्रेता कम्पनिलाई प्रहरी प्रधान कार्यालयको पूर्व स्वीकृति समेत नलिई रकम भुक्तानी दिन जुन १२, २००८ मा हिमालयन बैंकलाई आदेश दिएको देखिन्छ। त्यसरी आदेश दिनुअगाडि बनाइएको L/C मा शर्त परिवर्तन गरी मूल करारको विपरीत नयाँ भुक्तानी तालिका बनाई सो समेतमा निजले सहीछाप गरेको देखिन्छ। साथै निजकै टिप्पणीबाट L/C को तेश्रो र चौथो किस्ता वापतको रकम बिक्रेता कम्पनिलाई भुक्तानी भई गएको भन्ने निजकै बयान समेतबाट देखिन्छ। यी प्रतिवादीले बिक्रेता कम्पनिबाट यो यति नै रकम लिए खाएको रहेछन् भनी देखिने स्पष्ट आधार प्रमाण नहुँदा निजको हकमा समेत विगो कायम हुन सक्ने देखिएन। तथापि माथि विवेचना भए बमोजिम यी प्रतिवादी रविप्रताप राणासमेतले बद्नियतपूर्वक बिक्रेता कम्पनिलाई अनुचित लाभ र प्रहरी कल्याण कोषलाई हानी नोक्सानी पुर्‍याउने कार्य गरेको देखिन आयो। अतः निज प्रतिवादी रविप्रताप राणासमेत भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) (घ) र (ज) बमोजिमको कसुरजन्य कार्यमा संलग्न रहेको देखियो।

अतः माथि विश्लेषण भएबमोजिम प्रतिवादीहरूमध्येका तत्कालीन प्रहरी महानिरीक्षक **ओमविक्रम राणा**लाई निजले प्रारम्भदेखि नै खरीद संझौताको शर्त विपरीतका सामान आपूर्ति गर्ने गराउने कार्यमा खेलेको निर्णायक भूमिका र निजले गरेको कसुरको मात्रा बमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम १ वर्ष कैद तथा सोही दफा २४ बमोजिम थप १ वर्ष समेत जम्मा २ वर्ष कैद र रु. ५०,०००/- जरिवाना समेत हुन्छ।

प्रतिवादी **हेमबहादुर गुरुङ्ग**ले आपूर्ति नै नभएका Spare Parts वापत समेत भुक्तानी दिएको देखिएको, त्यसैगरी प्रतिवादी **रमेश चन्द ठकुरी**ले खराब र गुणस्तरहीन सामान सप्लाई भएको कुरा जान्दा जान्दै रकम भुक्तानी नरोकी बिक्रेता कम्पनिलाई भुक्तानी दिने समेतको कार्य गरेको देखिँदा निज प्रतिवादीहरू हेमबहादुर गुरुङ् र रमेशचन्द ठकुरीलाई निजहरूको कसुरको मात्रा अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही ६ महिना कैद तथा सोही दफा २४ बमोजिम थप ६ महिना कैद समेत जनही जम्मा १ वर्ष कैद रु. ४०,०००/- जरिवाना समेत हुन्छ।

प्रतिवादीहरू **श्यामसिंह थापा र दीपकसिंह थाङ्देन**लाई निजहरूको भूमिका र कसुरको मात्रा अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही ६ महिना कैद तथा सोही दफा २४ बमोजिम थप ६ महिना कैद समेत जनही जम्मा १ वर्ष कैद रु. ४०,०००/- जरिवाना समेत हुन्छ। अन्य प्रतिवादीहरू **दीपककुमार श्रेष्ठ, रविप्रताप राणा**लाई

निजहरूको संलग्नता र कसुरको मात्रा अनुसार भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम जनही ६ महिना कैद र रु. ३०,०००/- जरिवाना समेत हुने ठहर्छ।

अन्य प्रतिवादीहरू **दिनेश के.सी., गुसबहादुर श्रेष्ठ, विद्याधर श्रेष्ठ, दीपेन्द्रबहादुर बिष्ट, शिव लामिछाने, संजयसिंह बस्नेत, टपेन्द्रध्वज हमाल, अजितकुमार गुरुङ, रामकृष्ण राजभण्डारी, सुरेन्द्रबहादुर पाल, लालगोविन्द श्रेष्ठ, श्यामबहादुर खड्का, मदनबहादुर खड्का, प्रकाश अधिकारी, पिताम्वर अधिकारी, कृष्णप्रसाद गुरागाई, रमेशकुमार पाण्डेय, हरिहर श्रेष्ठ, अर्जुनप्रसाद तिमिल्सिना, गिरीधारी शर्मा, मनोज न्यौपाने, निरजबहादुर शाही, निरज पुन, विजयलाल कायस्थ, नरेन्द्रकुमार खालिङ, अर्जुनजंग शाही र रमेशविक्रम शाहले** आफूभन्दा माथिका नेपाल प्रहरीका पदाधिकारीहरूको आदेश र निर्देशन बमोजिम आफ्नो पदीय हिसाबमा विभिन्न काम कारवाहीको चरणमा र बैठकमा उपस्थितिसम्म जनाई अगाडि नै सम्पन्न भइसकेका निर्णय र काम कावाहीलाई अनुमोदन र समर्थनसम्म गरेको देखिएको छ। यी प्रतिवादीहरूको APC को खरीदका सम्बन्धमा लागत अनुमान तयार पार्ने, खरीद योजना बनाउने, कोटेशन माग गर्ने, कोटेशन खोल्ने, APC खरीद संझौता गर्ने, L/C खोल्ने, L/C मा खरीद संझौताको विपरीतका बिक्रेता कम्पनिलाई फाइदा र नेपाल प्रहरीलाई नोक्सान हुने खालका शर्तहरू राख्ने, रकम भुक्तानीको तालिका निर्माण गर्ने, ठेकेदार कम्पनिलाई रकम भुक्तानीका लागि निर्णय गरी सम्बन्धित बैंकलाई आदेश वा निर्देशन दिने लगायतका मुख्य कार्यहरूमा निर्णायक भूमिका र संलग्नता रहेको नदेखिएकोले प्रतिवादीहरू **दिनेश के.सी., गुसबहादुर श्रेष्ठ, विद्याधर श्रेष्ठ, दीपेन्द्रबहादुर बिष्ट, शिव लामिछाने, संजयसिंह बस्नेत, टपेन्द्रध्वज हमाल, अजितकुमार गुरुङ, रामकृष्ण राजभण्डारी, सुरेन्द्रबहादुर पाल, लालगोविन्द श्रेष्ठ, श्यामबहादुर खड्का, मदनबहादुर खड्का, प्रकाश अधिकारी, पिताम्वर अधिकारी, कृष्णप्रसाद गुरागाँई, रमेशकुमार पाण्डेय, हरिहर श्रेष्ठ, अर्जुनप्रसाद तिमिल्सिना, गिरीधारी शर्मा, मनोज न्यौपाने, निरजबहादुर शाही, निरज पुन, विजयलाल कायस्थ, नरेन्द्रकुमार खालिङ, अर्जुनजंग शाही र रमेशविक्रम शाहलाई** कसुरदार कायम गर्न मिल्ने देखिएन। तसर्थ निज प्रतिवादीहरूलाई अभियोग दावीबाट सफाई दिने गरी विशेष अदालतबाट भएको सो हदसम्मको फैसला मिलेको देखिँदा अन्यथा गरिरहन परेन।

अतः प्रतिवादीहरू **ओमविक्रम राणा, हेमबहादुर गुरुङ, रमेश चन्द ठकुरी, श्यामसिंह थापा, दीपकसिंह थाङ्देन, दीपककुमार श्रेष्ठ र रविप्रताप राणाको** हकमा सम्म माथि ठहर भएबमोजिम कसुरदार कायम गरी फैसला गर्नुपर्नेमा सो बमोजिम नगरेको हदसम्म विशेष अदालत, काठमाडौंको मिति २०६८/११/१ को फैसला मिलेको नदेखिँदा केही उल्टि हुन्छ।

अभियोगदावीबाट पूर्ण सफाई पाऊँ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर तथा सबै प्रतिवादीहरूलाई अभियोगदावी बमोजिम नै सजाय गरिपाऊँ भन्ने समेतको वादी नेपाल सरकारको पुनरावेदन जिकीर सो हदसम्म पुग्न सक्तैन। यो फैसलाको पूर्ण पाठ पछि तयार गरिनेछ।

प्रधान न्यायाधीश

उपर्युक्त रायमा म सहमत छु।

न्यायाधीश

**संवत् २०७४ साल वैशाख १७ गते रोज १ शुभम्-----------------------------------------।**